नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६५ कतिंपुन्ही- आश्विन पूर्णिमा वर्ष ३६ अंक ६
बु.सं. २५५२ ने.सं. ११२८/११२९

**The Ananda Bhoomi (Year 36, Vol. 6)**
**A Buddhist Monthly : Oct/Nov 2008**

*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (अध्यक्ष, आ.कु.वि.गुठी)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.गुठी)

*व्यवस्थापकहरू:*
भिक्षु अस्सजि, भिक्षु पियदस्सी
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी:*
जोतिक, मिलन, सुमेध
जुजुभाई तुलाधर (कालोपुल), संघरत्न शाक्य (फसिकेब)

*आवरण सज्जा:*
फल समान शाक्य, उकुबहाल (यतालिवि)

*वितरक*
अरुण, उर्मिला

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*सम्पादन सहयोगी:*
जनक
शान्तिवन, गोदावरी

*सम्पादक / प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*
बुद्धजयन्ती समारोह समिति (श्रीघ:), भिक्षु मैत्री महास्थविर (लुम्बिनी), भिक्षु बोधिज्ञान, भिक्षु पदुम, भिक्षु मिलिन्दो, श्रामणेर कुमारजीव, हरिगोपाल महर्जन, श्रामणेर उदेन, अ. इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी बज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेणी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बागलुङ्ग), विजय गुरुङ्ग (लमजुङ्ग), शेखर शाक्य (नारायणगढ)।

*मुद्रण:*
सुप्रवाह प्रकाशन प्रा. लि. - ४२८०६१४, ४२७३९८३

*प्रकाशक:*
आनन्दकुटी विहार गुठी
आनन्द कुटी विहार, स्वयम्भू, फोन: ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



"पभस्सरमिदं, भिक्खवे, चित्तं । तं च खो आगन्तुकेहि उपकिलेसेहि उपक्किलिट्ठं । तं अस्सुतवा पुथुजजनो यथाभुतं नप्पजानाति । तस्मा 'अस्सुतवतो पुथुज्जनस्स चित्तभावना नत्थी' ति वदामी" ति ॥

भिक्षुहरू, यो चित्त स्वाभाविक रूपमा शुद्ध छ। यो वाहिरीको उपक्लेशले क्लिष्ट हुन्छ। यो कुरा अशिक्षित पृथग्जनले यथार्थ रूपले थाहा छैन। त्यसैले नै मैले अशिक्षित पृथग्जनको चित्त एकाग्र भएको छैन भने ।

"पभस्सरमिदं, भिक्खवे, चित्तं । तं च खो आगन्तुकेहि उपकिलेसेहि विप्पमुत्तं । तं सुत्वा अरियसावको यथाभुतं पजानाति । तस्मा 'सुतवतो पुथुज्जनस्स अरियसावकस्स चित्तभावना नत्थी' ति वदामी" ति ॥

भिक्षुहरू, यो चित्त स्वाभाविक रूपमा पारदर्शक छ। यो वाहिरीको उपक्लेशले मुक्त हुन्छ। यो कुरा शिक्षित आर्यश्रावकले यथार्थ रूपले थाहा छ। त्यसैले मैले शिक्षित आर्यश्रावकको चित्त एकाग्र छ भने ।

अंगुत्तरनिकाय

सम्पर्क कार्यालय
आनन्द भूमि
आनन्द कुटी विहार गुठी, पो.ब.नं. ३००७, काठमाडौं ।
फोन: ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रू १५०/- एकप्रति रू १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं

गताङ्कमा प्रकाशित

पाप कर्म कहिल्यै नगर्नु ।
पुण्य गर्दै जानु ।
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak Kathmandu Tel. 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख–२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फायक्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

## विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सम्पादकीय | - | ३ |
| २. | सबै नेपालीको एउटै जात नेपाली | - डा. गणेश माली | ४ |
| ३. | सम्यक लिपि–२ | - भिक्षु सम्यकसम्बोधि प्राणपुत्र | ६ |
| ४. | समाज विकाशकोलागि बौद्ध शासन | - शिशिल चित्रकार | ९ |
| ५. | के छ तिमीमा त्यस्तो तिम्रो धम्म हलभित्र | - उत्तम थापा | १० |
| ६. | बुद्धको स्वतन्त्रता | - भिक्षु उत्तम | ११ |
| ७. | नयाँ नेपाल , शान्ति र विकासमा बुद्ध धर्मको भुमिका | - भिक्षु चन्द्रकीर्ति | १३ |
| ८. | श्यामावती | - केशरी वज्राचाय | १६ |
| ९. | पालि भाषा | - भिक्षु पियदस्सी | १८ |
| १०. | गुरूको रूपमा भगवान बुद्ध | - भिक्षु जनक | २० |
| ११. | Buddhism : My faith | – Sushil Manandhar | २२ |
| १२. | MY HAPPINESS IS NOT FOR ME | – Rabindra Bdr.Shahi | २२ |
| १३. | जीवन नै संसार | - श्याम श्रेष्ठ | २३ |
| १४. | बुद्धको शान्ति शन्देस चिन्तन गरु | - श्री प्रसाद उपाध्याय | २३ |
| १५. | World Hreitage Lumbini 1 | – Bhikkhu Vivekananda | २४ |
| १६. | बौद्ध गतिविधि | | २७ |

# सम्पादकीय

## कलुषित विचार र व्यवहारबाट टाढा सन्देश विजयले सबैमा सम्प्रेषण गर्न सकोस्



बुद्ध जन्मभूमि नेपाल अधिराज्य बहुधार्मिक, बहुभाषिक, बहुसास्कृतिक एवं विविधताले भरिएको राष्ट्र हो । नेपालको इतिहाँसलाई पल्टाउँदा नेपालमा धर्मको सवालमा विखण्डन, विग्रह, क्रान्ति, अशान्ति जस्ता असहज स्थिति श्रृजना नहुनु, धार्मिक सहिष्णुताको अवधारणालाई व्यवहारमा मूर्त रुप देखिनु वस्तुतः यो सुखकर विषय नै हो भने इतिहासका खण्डहरूमा सहिष्णुताको नाममा बौद्धहरूले पाउनुभन्दा बढी धेरै गुमाएका छन्, यो वास्तविकता हो र जसलाई शासक पक्षीय धर्मानुरागीहरूले बुझ्केकै होलान् ।

विविधताले सम्पन्न नेपाल राष्ट्रका जनताहरूको महानोत्सव चाड भनी दशैंलाई मानिदै आएको छ । यसको लागि राष्ट्रिय ढुकुटीबाटै करोडौंको बजेट फछ्र्यौट गरिन्छ । दशै धर्मको रुपमा प्रतिकारत्मक अर्थमा अगाडि बढी अहिले सस्कृतिको रुपमा परिणत हुने तर्फ उकासिदै भ्यागिदै छ । असत्य उपर सत्यको जित, अमानवियता उपर समानताको, अधर्म, अन्याय, अत्याचारप्रति धर्मको जीत भनी विजयको रुपमा मान्ने यो चलन अहिले मारकाट र बढी आर्थिक बोझयुक्त रंगीचंगी जीवन अर्थात् खर्चालु प्रवृतिको हावि वर्षौ पिच्छे बढी रहने निश्चय पनि सोचनीय विषय भई सकेको छ भनेर जनस्तरबाटै आवाज बुलन्द हुनु सुदृष्टिमा यो पनि सोचनीय विषय हो ।

वस्तुतः दशैमा धर्मको नाउँमा अमुर्त देवतालाई बलि दिई आलो रगत चढाउनु यो कति हदसम्म ठिक हो यसमा पनि ध्यानाकृष्ट हुनु जरुरी छ । मार्नुलाई धर्मको रुपमा परिभाषित गर्ने हो भने धर्मलाई के कसो भनी परिभाषित गर्ने...? मारेर, बध गरेर, बलि चढाएर धर्म प्राप्ति हुन्छ भन्ने सोचलाई बुद्धिमत्तापूर्ण मान्न सकिदैन । पशु नै किन नहोस्, तिनलाई धार्मिक विधि भन्दै बलि चढाउने परम्पराले स्वयम् मानिसलाई पनि हिंसाजन्य अपराध प्रवृत्तिलाई अराजक र आतंकवाद मानिन थालेको यो विश्व जगत्मा धार्मिक क्षेत्रभित्रै हिंसाजन्य बलिप्रथालाई गरी निरन्तरता दिईरहनु के यो कदम सही मार्गोन्मुख तर्फ लम्किरहेको छ त ? पक्कै पनि ठूलो दिमागले हामी सबैले आफुभित्र प्रश्न, प्रतिप्रश्न गर्नै पर्छ । यो आजको आवश्यकता हो । अन्यथा धार्मिक उत्कर्ष भावले अभिभूत नरबलि जस्तो निकृष्ट अवधारणा पुनः पुनः भूत झै जाग्ने क्रम रोकिन्छ नै भनेर ढुक्क हुन नै कहाँ सकिन्छ र ?

विजय उत्सवलाई जसरी बुद्धोपदेशबाट प्रभावित भई हृदय परिवर्तन गरी चन्दाशोक धर्माशोकमा परिणत भए, दानवीय महिषशूरमाथि अम्बेकी मानवीय जाति, श्री रामको रावणमाथिको विजय दिवसलाई हामीले पनि कलुषित भावना त्यागी, स्वार्थजन्य हिंसा, आतंककारी स्वभाव अराजक प्रवृत्ति त्यागेर, धर्मको नाउमा हिंस्रक बलि प्रथालाई त्यागी हामी पनि हृदय परिवर्तन तर्फ लागौ, कलुषित विचार एवम प्रदुषित मानसिकताबाट जागौ, यो नै विजयको उपलब्धिमूलक हुन सक्छ भन्नुमा अत्युक्ति नहोला ।

# सबै नेपालीको एउटै जात नेपाली

■ प्रा.डा. गणेश माली



परापुर्वकालमा जब मानिसको उत्पति वनमानिसबाट भएको थियो त्यसबेला मान्छे जाति मात्र एउटै थियो । वातावरण अनुसार जीवन बिताउन सकुन् भनेर प्रकृतिले कुनै ठाउँका मान्छेहरूलाई अलि गोरा बनाइदिए भने कुनै ठाउँको मान्छे अलि खैरा बनाईदिए। कुनै ठाउँको मानिसलाई अलि गहुँगोरो बनाइदिए । कुनै ठाउँको मानिसलाई अलि कालो बनाइदिए, यसरी रंगरुपमा भिन्न भए पनि सबैलाई समान किसिमको मन मस्तिष्कले सजाएर बनाइदिए । तर पनि एउटै देशका निवासीहरू एकै प्रकारका शरिर र रंग हुनाको कारण एकै जातिका थिए र भिन्न प्रकारका रुपरंग भएपनि विभिन्न ठूलो सानोको भेदभाव गर्न जाँदैन थिए । कालो श्रेष्ठ कि गोरो भन्ने सवाल त्यसबेला उठेकै थिएन।

कालान्तरमा जब एका देशका मान्छे सफर गरेर अर्को देशमा पुग्न सफल भए, तब नयाँ हराभरा ठाउँमा बसोवास गरेर रहने लोभ उनीहरूको मनमा जाग्यो । यस लोभले कुक्तुयाएको हुँदा वैमनस्य र युद्ध शुरू हुन गयो र विजेताले आफूलाई श्रेष्ठ जातिको घोषणा गरे । हार्नेले फेरी शिर ठाँडो नगरुन् भनेर उनीहरूलाई सबै प्रकारका अधिकारले वंचित गरेर दास बनाएर राखे तर यसो भएपनि दासहरू वा दास गराइएका मानिसहरू संगठित भएर जित्न सकेमा आफु श्रेष्ठ र हार्ने जातिलाई दास बनाउँथे । यसो भएपनि एउटै देशका मान्छेहरू सबैमा जातको भेदभाव थिएन ।

बिस्तार बिस्तारै जब समाज विकसित हुँदै गयो । समाजमा श्रम विभाजन शुरु भयो । सबैले सबै प्रकारका काम त गर्ने कुरै भएन, त्यसकारण आफ्नो रुची अनुसारका कामहरूमा मान्छेहरू लागे, कोही घर बनाउने काममा लागे भने कोही वेपारमा, कोही खेतीपातीमा, कोही सुरक्षाको काममा, कोही राजकाजको काममा, कोही घिउ तेलको बेपारमा, कोही पूजापाठको काममा, कोही फूल बेच्ने काममा त्यसमध्ये पनि समाजमा अलि फोहर र गर्न गाह्रो कामहरूमा दासहरूलाई पनि बलजफ्ती प्रयोग गरिए ।

त्यसबेला पाठशालाहरू थिएनन् । कामधन्दा परिवारिक हुन थाल्यो अर्थात् खेतीपाती गर्नेका सन्तानहरू खेतीपाती काम मै दक्ष भए र सोही काम गर्न थाले । यद्यपि चाहेमा उनीहरूले अर्को काम पनि गर्न सक्थे । त्यसरी नै सुरक्षाकर्मीका सन्तानहरू अधिकांश मात्रामा सुरक्षाकर्मीहरू नै भएर निस्के । पूजापाठ गर्नेका सन्तानहरू सोही काममा नै लाग्न थाले ।

एवं रितले चल्दै जादाँ, सबैले राज्यबाट बराबर मात्रामा लाभ पाउन सकेनन् । राजाका चारै तिरका मान्छेहरू ठूला ठूला जागीर जग्गा जमीन भेट्टाउँथ । सुन चाँदी व्यापारीहरूले तरकारी उब्जाउनेहरूले भन्दा बढी कमाउन थाले । त्यस्मा पनि जग्गाधनी कोही रइस भएमा मोही काम गरी एक छाक मात्र भेट्टाउने र जग्गाधनीको घरमा काम गर्ने दास हुन्थे ।

यस प्रकारको समाज विकासले गर्दा मानिसहरुको मती फेरिन थाल्यो । बढी कमाउने खालका व्यक्तिहरू आफूलाई श्रेष्ठ संम्फन थाले । तल्लो खालका व्यक्तिहरूलाई आफ्नो घरमा आउने जाने गरेको पनि हेर्न नचाहने भएर निस्कन थाले । मोटामोटी रुपमा पूजापाठ आदिमा लागेका व्यक्तिहरू सबभन्दा श्रेष्ठ, त्यसपछि सुरक्षामा लागेका व्यक्तिहरू, त्यसपछि व्यापार, शीप लागेका व्यक्तिहरू, र त्यसपछि सेवा, सुश्रषा, सरसफाईमा लागेका व्यक्तिहरू ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र जातिका भनी नामकरण गर्न सुरु गरिए ।

तर जब मभन्दा तँ सानो खालको भन्ने भावना को लहर चल्न थाल्यो र सैयौं थरिका व्यापार, शीप, सेवा, सुश्रूषा, सुरक्षा र पूजापाठका कर्मीहरू देशमा भए तब यसमा पनि कुन ठूलो कुन सानो भन्ने न टुंगिने खालका विवादहरू निस्कन थाले । कुम्हाले माथिल्लो भन्ने कि ज्यापू, रोटीको काम गर्ने माथिल्लो कि सुनको काम गर्ने माथिल्लो मान्ने, तर कारी बेच्नेलाई माथिल्लो मान्ने कि फूल बेच्नेलाई, मासुका व्यापार गर्नेलाई माथिल्लो मान्ने कि, जुत्ता बनाउनेलाई माथिल्लो मान्ने, यो कुरा दुनियाँदारीले मात्र आपसमा सल्लाह गरी छुट्याउन नसक्ने भएर गयो ।

तब यस सामाजिक कलहलाई समाधान गर्न कम्मर कस्ने एउटा हिन्दु धर्मावलम्बी राजा जयस्थिति मल्ल निस्के । उनका पछाडी उनका सल्लाहकारहरू तथा ब्राम्हण पुरोहितहरू अवश्य नै थिए होलान् जसले राजामा यसप्रकारका कुविचार उत्पन्न गरिदिए । उनले त्यसबेला भएभरका थरी थरी काम गर्ने व्यक्तिहरूलाई उँचनीचको क्रम बनाई जातभात बनाई दिए । भात, पानी र हुक्का (अचेल भए चुरोट हुन्थ्यो) विहावारी

चल्ने नचल्ने पनि छुट्याई दिए ताकि विभिन्न जातको बीच बिहावारी वा आदानप्रदान पनि नहोस् र जातभातको कचकच समाजमा नरहोस्। विहावारी पनि आफ्नै जातभित्र मात्र चलाउने प्रथा बाँधि दिए । सानो खालका जातिले माथिल्लो खालका जातिलाई आदर सत्कार गर्ने चलन पनि चलाई दिए जस्तो कि च्यामे पोडे जातिले अन्य जातिलाई बाज्ये भनी सम्बोधन गर्नु पर्ने र श्रमण ब्राह्मण जातिलाई बाज्ये भन्नु पर्ने शिष्टता समाजमा ल्याइदिए ।

यसरी समाज सय टुक्रामा विभाजित गरी उक्त राजाले तत्कालको समस्या त समाधान गरे तर यसबाट देश अत्यन्त कमजोर हुँदै गयो । आफ्नो कामको चासोवाहेक देशका अन्य समस्याहरू आफ्नो समस्या भन्ने मानिसहरूले सम्झी दिएनन् । देशमा जब कुनै ठूलो संकट आइपर्थ्यो तब त्यस संकटको जुन जातिसँग सीधा सम्बन्ध छ, त्यो वाहेक अर्को जातिको त्यसबारे कपाल दुखाउने प्रवृत्ति नै हराएर गयो । यसले गर्दा राज्यले ठूला ठूला क्षतिहरू उठाउनु पर्ने भयो ।

आजको जमानामा पहिलेको समाजिक स्थितिमा ठूलो परिवर्तन भैसकेको छ । देशव्यापी शिक्षाको लहरले गर्दा, विभिन्न व्यक्तिहरूले आफ्नो रुचीहरू अनुसारका काम धन्दाहरू गर्न थालेका छन् । नयाँ पहिले नभएका काम धन्दाहरू देखा पर्न थालेका छन् । सबै जसो व्यक्तिहरूले आफ्नो पुराना कामहरू गर्न छाडी सकेका छन् । उक्त राजाको सिद्धान्तलाई मानेर काम बमोजिम जाती विभाजन गर्ने हो भने पनि आज फेरी बर्षेनी अर्को किसिमबाट जातको मूल्यांकन गर्नु पर्ने हुन आएको छ । अर्थात् काम अनुसारको जात हुनुपर्ने भएको छ । भगवान बुद्धले करीव २६०० वर्ष अगाडि भन्नु भएको कुरा "जन्मले मान्छे वसल हुदैन न जन्मले हुन्छ ब्राह्मण, कर्मले नै मान्छे वसल हुन्छ कर्मले नै ब्राह्मण" भने जस्तै आज पुनः कर्म अनुसारै जात विभाजन गर्नु पर्ने भएकोछ, जुन त्यसबेलाका राजाले गरेका थिए । त्यही सिद्धान्त माने आज सबै नेपालीको एउटै मात्र जात हुन जान्छ नेपाली । किन भने कुनै पनि नेपालीले कुनै पनि काम गर्न सक्ने संभावना आजको समाजमा आईसकेको छ । पुरानो जात भातको रुढीवादी परम्परालाई सबैले जति चाँडो त्याग्न सक्यो त्यति चाँडो देशमा एकताको र मेल मिलापको वातावरण कायम भएर जानेछ । हाम्रो देशको कानुनले त सबै नेपालीको एउटै जात गरिसकेको छ - **नेपाली** । केवल यसलाई हामीले व्यवहारमा उतार्न आवश्यक छ । यसो गर्नु मात्रै एउटा बाटो आज हाम्रो सामु छ । यसरी नै देश समृद्ध भएर जानेछ ।

●



# सम्यक लिपि–२

*गत अंकको बाँकि अंश.......*

■ भिक्षु सम्यकसम्बोधि प्राणपुत्र

अन्य विशेषताहरूः

अक्षर लेख्दा लेख्न सुरू भएदेखि समाप्त नभएसम्म लगातार लेखिनुपर्छ । यसै कारण हलन्त व्यञ्जन र स्वर जोडाएर लेख्दा दुई अलग अक्षर नदेखाएर एउटै बुट्टा ( अक्षर) देखिन आएको हो ।

भाषा नियम अनुसार य, र, ल, व, ह आदि धेरै अक्षरसँग संयुक्त भएर आएका हुन्छन् । यी अक्षरहरूका संकेत दिएर संयुक्त गरिएको छ । जस्तै-

व्यञ्जन संयुक्त (व्यञ्जनसँग व्यञ्जन मिलेर आउने अक्षरहरू)-

(१) य संयुक्त - य को लागि थ संकेत दिइएको छ ।



जस्तै-क्य . पथ्ब ख्य . प्थ्ब ग्य . नथ्ब घ्य . न्थ्ब ।

शब्दहरु- शाक्य . क्ब्पथ्ब । सम्यक् . ककथ्बप । भव्य . द्यबखथ्ब । ख्याक् .प्थ्ब्प ।

(२) र संयुक्त - संकेतः च ।

जस्तै-क्र . पच्ब । प्र . उच्ब । त्र . तच्ब । श्र . क्च्ब ।

शब्दहरू- चक्र . अबपच्ब । समग्र . ककबनच्ब । घ्राण . नच्द्दब । श्री . क्च्क्ष । त्राश . तच्क्ब ।

(३) ल संयुक्त - संकेत ी ।

जस्तै- क्ल . पीब । ख्ल . पैब ।

शब्दहरू- प्लाई . उीब्क्ष । ग्लास . नीब्कब ।

(४) व संयुक्त - संकेत ख ।

जस्तै -क्व . पख्ब । ख्व . प्ख्ब । ग्व . नख्ब । च्व . अख्ब । द्व . मख्ब।

शब्दहरू- द्वार . मख्ब्चब ।

(५) ह संयुत्त - संकेत ज ।

जस्तै- म्ह . ञ्ज्ब । ल्ह . ज्बि ।

शब्दहरू- ब्राम्हण . दच्ब्ज्बःब । ल्हा . ज्बि ।

स्वर संयुक्त

(१) चन्द्र विन्दू - संकेत - ह । स्वरमाथि संकेत लेख्ने ।

जस्तै- उदाउँछ . गमब्राह्त्रब ।

(२) शीरविन्दू- शीरविन्दूको लागि कुनै संकेत प्रयोग गरिएको छैन । किनकि शीरविन्दूका विभिन्न पञ्चम वर्ण (ङ्, ञ्, ण्, न् र म् ) उच्चारण हुन्छन् । यसैले कहिले कुन उच्चारण हुन्छ भन्ने जानकारी नहुंदा कहिलेकाँही गलत उच्चारण पनि हुने भएकोले शीरविन्दूको जुन उच्चारण हुन्छ त्यही लेखिनुपर्ने सल्लाह अनुसार यहाँ शीरविन्दूको प्रयोग नगरिएको हो ।

शीरविन्दूको हलन्त ङ्, ञ्, ण्, न् र म् उच्चारण हुन्छ । यस नियमलाई यसप्रकारले बुझ्नुपर्छ । जस्तै-

यदि शीरविन्दूको पछाडि कुनै अक्षर आएको छ वा सन्धी भएमा निम्न नियम लागु हुन्छ । जस्तै-

अ) यदि स्वर अक्षर आएमा म् उच्चारण हुन्छ । जस्तै-

यं + अहं = यमहं । धनं + अत्थि = धनमत्थि । तीरं + एव = तीरमेव । पुप्फं+ इव = पुप्फमिव ।

आ) यदि क वर्ग (क ख ग घ ङ) को अक्षर आएमा ङ् उच्चारण हुन्छ । जस्तै-

अंक = अङ्क । आकंखा = आकङ्खा । पुब्बंग = पुब्बङ्ग । संघ = सङ्घ ।

इ) यदि च वर्ग (च छ ज झ ञ) को अक्षर आएमा ञ् उच्चारण हुन्छ । जस्तै-

यंच = यञ्च । युंजति = युञ्जति ।

ई) यदि ट वर्ग (ट ठ ड ढ ण) को अक्षर आएमा ण् उच्चारण हुन्छ । जस्तै-

कंटक = कण्टक । खंड = खण्ड । संठी = सण्ठी ।

उ) यदि त वर्ग (त थ द ध न) को अक्षर आएमा न् उच्चारण हुन्छ । जस्तै-

संत = सन्त । कंथक = कन्थक । संदीप = सन्दीप ।

संधी = सन्धी ।

ऊ) यदि प वर्ग (प फ ब भ म) को अक्षर आएमा म् उच्चारण हुन्छ । जस्तै-

दुतियंपि = दुतियम्पि । संफप्पलाप = सम्फप्पलाप । कदंब = कदम्ब । संभूत = सम्भूत ।

ए) य देखि ज्ञ अक्षर आएमा आफ्नै अभ्यास अनुसार उच्चारण गरिन्छ । जस्तै-

संयमलाई सङ्यम, सञ्यम उच्चारण गर्ने गरिन्छ । त्यसैले यस समूहको लागि पनि ङ् उच्चारण गरे हुन्छ ।

२) यदि शीरविन्दूको पछाडि कुनै पनि अक्षर नभएमा संस्कृतमा म् उच्चारण हुन्छ । जस्तै-

बुद्धं = बुद्धम् । धम्मं = धम्मम् । संघं = संघम् ।

तर पालिमा ङ उच्चारण गर्ने चलनअनुसार ङ् उच्चारण नै गरेमा पालिको आफ्नो विशेषता कायम हुनेछ । जस्तै-

बुद्धं = बुद्धङ् । धम्मं = धम्मङ् । संघं = संघङ् ।

अतः यस लिपिअनुसार यसप्रकार लेख्नुपर्ने हुन्छ । जस्तै-

कंगन . कङ्गन । कंचन . कञ्चन । कंटक . कण्टक । कंथक . कन्थक । कंपन . कम्पन ।

यदि यसरी लेख्ने अभ्यास नभएमा शीरविन्दूको कुन उच्चारण हुन्छ भन्ने थाहा नहुनेले यसप्रकार गलत उच्चारण गर्नसक्छ । जस्तै-

कंचन . कङ्चन । कंटक . कङ्टक आदि आदि ।

यसैले सही उच्चारणको अभ्यास गराउन सही उच्चारण हुन सक्ने अक्षर पनि लेखाएर देखाउनुपर्ने हुनाले यस लिपिमा शीरविन्दूको प्रयोग हटाइएको हो ।

विशेष सुझाव- यी संयुक्तका संकेतहरूको प्रयोग गर्न चाहेमा गर्न सकिन्छ । यदि कसैलाई गर्न मन नलागेमा नगरे पनि हुन्छ । जस्तै-

सम्यक् . ककथ्बप वा ककथबप । चक्र . अबपच्ब वा अबपचब । प्लाई . ऊीब्क्ष वा उब्क्षि । द्वारा . मख्ब्वƹ वा मखब्वब ।

सम्यक लिपिको अभ्यास

नमो लकय तस्स तबक?ब भगवतो द्यबनबखबतय अरहतोबचबजबतय सम्मासम्बुद्धस्स । कबᴧƹ ककदगम्मबककब। बुद्धं दगमम्बत्त सरणं कबचबःबत्त गच्छामि । नबअत्रृब्ष धम्मं म्क?बत्त सरणं कबचबःबत्त गच्छामि । नबअत्रृब्ष संघं कबत्तन्बत्त सरणं कबचबःबत्त गच्छामि । नबअत्रृब्ष ।

इति पि सो भगवा अरहं सम्मासम्बुद्धो विज्जाचरण सम्पन्नो सुगतो लोकविदू अनुत्तरो पुरिसदम्म सारथि सत्था देव मनुस्सानं बुद्धो भगवाति ।

ष्तᴕ उष कय द्यबनबखƹ बचबजबत्त ककᴧƹ ककदगमम्य खष्ववƹ अबचबःब ककउबलल्य कग्नबतय यिपब खष मग बलगततबचय

उचष्कबमकब कƹचबत्ष कबतत्ƹ मभखबत्रबलगककत्लबत्त दगमम्य द्यबनबखƹ तष

Keyboard

सम्यक लिपिको Keyboard देवनागरी लिपिको Keyboard ब क मा न सरह बनाइएको छैन । किनकि देवनागरी लिपिमा धेरै अक्षरहरू भएकोले अंग्रेजी Keyboard सँग मेल खादैन । तर सम्यक लिपिको अक्षरहरू थोरै भएकोले अंग्रेजी Keyboard सँगै मिलन गरिएको छ ।

Computer को प्राविधिक विषयवस्तु सबै विदेशी प्रविधि भएको कारणले अंग्रेजी Keyboard प्रविधिसंग मेल गर्न सकिएमा धेरै सजिलो हुने हुनाले सम्यक लिपिलाई अंग्रेजी Keyboard संग मिलन गरिएको हो । यसबाट केही अक्षरहरूमा मात्र समस्या आउन सक्छ । तर बाँकि सबै अंग्रेजी प्रविधि नै भएकोले अंग्रेजी Keyboard चलाउन जानेपछि सम्यक लिपि स्वतः जान्नेछ ।

सम्यक लिपिको Key Board

~ ! @ # $ % ^ & * ( ) _ + |
ञ १ २ ३ ४ ५ ६ ७ ८ ९ ० ) ;
` 1 2 3 4 5 6 7 8 9 0 - = \
ञ ज्ञ द्द घ द्ध छ ट ठ ड ढ ण ( . `
Q W E R T Y U I O P { }
त्त ध भ च त थ ग क्ष इ ए ˆ ‟
q w e r t y u i o p [ ]
त्र ध भ च त थ ग ष य उ ˎ `
A S D F G H J K L : "
ब क म ँ न ज ट प ी स ्
a s d f g h j k l ; '
ब क म ा न ज व प ि स ु
Z X C V B N M < > ?
श ह ऋ ख द्य ल : ? श्र रू
z x c v b n m , . /
श ह अ ख द ल ॽ , । र

Convertion table

सम्यक लिपिको Keyboard किन अंग्रेजीसँग मिलन गरियो भनी रहस्य बुझ्न नेपाली र रोमन लिपिमा अनुवादलाई

बुझ्न आवश्यक छ । जस्तै-

ka kha ga gha na ca cha ja jha na ta tha da dha na ta tha da dha na pa pha ba bha ma ya ra la va sa sa ha ksha tra gyan.

यसै रोमनकरण अनुसार सम्यक लिपि र अंग्रेजी लिपिको रुपान्तरण तालिका बनाइएको छ । जस्तै-

अंग्रेजी र सम्यक लिपिको सम्बन्ध बुझ्न देवनागरी अक्षरलाई देखाइएको छ । जस्तै-

स्वरः

अ आ इ ई ए ऐ उ ऊ ओ औ ऋ

a A i I e E u U o O q

व्यञ्जनः

क ख ग घ ङ    च छ ज झ ञ

k K g G Q    c C j J M

ट ठ ड ढ ण    त थ द ध न

f F w W N    t T d D n

प फ ब भ म    य र ल व

p P b B m    y r l v

श ष स ह    क्ष ज्ञ

S x s h    z Z

अंक:

१ २ ३ ४ ५ ६ ७ ८ ९ ०

1 2 3 4 5 6 7 8 9 0

चन्द्रविन्दू: ँ

X

संकेत:-

< > ? , . /

: "

? श्र रू , । र

रु ू

; ' { } [

] ~ `

स ु ि ै ृ

` ञ ञ

! @ # $ % ^

& *

१ २ ३ ४ ५ ६

७ ८

( ) _ - + =

| \

९ ० ) ( ं .

ॅ ॅ

यस रुपान्तरण तालिका अनुसार अंग्रेजी प्रविधिसँग सम्यक लिपिको मेल हुन गएकोले केही अक्षरहरू बाहेक अन्य key समान भएकोले सम्यक लिपिलाई अंग्रेजी लिपिबाट पनि सहजै लेख्न वा अनुवाद गर्न सकिन्छ । जस्तै-

देवनागरी- नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

ककथ्बप- लकय तबककब द्यबनबखबतय बचबजबतय कक्कs कक्दगमम्बककब।

samYak– namo tassa Bagavato arahato sammA sambudDassa.

निष्कर्ष- यो लिपि सरल र आधुनिक प्रविधिसँग मेल खाने, अंग्रेजी लिपिमा निर्मित विभिन्न खेलहरु, चित्रकारी, नक्सा आदि रेखांकन कार्यमा समेत सहयोग पुऱ्याउन सक्ने भएकोले यसलाई व्यवहारिक बनाउन कठिनाई हुनेछैन । यसैले यस लिपिलाई व्यवहारिक रुपमा प्रयोगमा ल्याउन मात्र होइन नयाँ संविधानमा मान्यता दिलाउन सकेमा राष्ट्रको आफ्नै परिशुद्ध राष्ट्रिय लिपि पनि बनाउन सकिन्छ । यदि यी सबै हुन नसकेमा पनि बौद्धहरूले पालि भाषाको रुपमा यस लिपिलाई प्रयोग गरेमा पालि भाषामा अभाव भएको लिपि परिपूर्ण हुनेछ । र यो सम्पूर्ण बौद्धहरूले गौरव गर्ने विषय हुन जानेछ । जसको श्रेय बुद्ध जन्मभूमिलाई नै प्राप्त हुनेछ ।

स्मरण रहोस्, कि बौद्धझण्डा पनि बौद्धहरूद्वारा विकास गरिएको होइन । युरोपबाट श्रीलंकामा घुम्न आएका आर्नोल्ड स्कट नाम गरेका एक विदेशीले विकास गरेर बौद्धहरूलाई सहयोग गरेको हो । जसलाई स्वीकार गर्दा बौद्धहरूको सम्मान नै भएको छ ।

Font बनाउन Fontographer CD उपलब्ध गराइदिनु हुने र प्राविधिक सहयोग गर्नुहुने पूजा कम्प्युटरका उपासक विष्णु बज्राचार्य र पहिलो चरण Font बनाएर देखाउने धरानका जीवन बज्राचार्यप्रति कृतज्ञता प्रकट गर्दछु । साथै कम्प्युटर प्रयोग गर्न दिनुहुने पाल्पाका उपासक सर्जुलाल बज्राचार्य र धर्मशीला विहार, पोखराका भद्दन्त श्रद्धानन्दलाई साधुकार दिन चाहन्छु ।

होस् सद्धर्म चिरस्थायी लोक होस् सुखी सदा

साधु साधु साधु

# "चरथ भिक्खवे चारिकं"
# समाज विकाशकोलागि बौद्ध शासन

■ शिशिल चित्रकार



देश समाजको विकास नहुन र सोही अनुरुप हरेक क्षेत्रमा समस्याको पहाड देखा पर्नुमा आश्चर्य मान्न पर्ने कारण छैन । आज नेपाल लगायत विश्वमा देखापरेको समस्याको मूल जड धर्म विपरीतको सामाजिक,आर्थिक, राजनैतिक, स्वास्थ्य, न्यायिक, शैक्षिक लगायत आदि नीति हुन्। यावत क्षेत्रमा धर्मको पहुँच विना समाजको यावत क्षेत्रको विकासको कल्पना गर्नु व्यर्थ नै हुन्छ । समाजको यावत क्षेत्रको विकासको लागि तत् क्षेत्रमा लागिपरेको व्यक्तिहरूको मानसिक, नैतिकता र दक्षतामा अभिबृद्धि हुनु अपरिहार्य छ । आज एकातिर भ्रष्टाचार, चोरी, डकैती, लुट, व्यभिचारी आदि बढ्नुमा व्यक्तिको अनैतिकता र अधार्मिकता बढेकाले भएकोमा शंका छैन ।

भगवान् बुद्धले सर्वप्रथम पञ्चवर्गीय समूहलाई धर्मचक्रप्रवर्तन दिएको केही समय पश्चात् गृहस्थीमा यशकुमारले भगवान्‌को शरण लिनुभयो । यशकुमारले भगवान् गौतम बुद्धको शिक्षा लिएबाट उनमा आएको शान्ति मिलेको देखी उनको अरू चार जना साथीहरू पनि यो मार्गमा आए र शान्ति प्राप्त गरे । यो घटनाबाट उनीहरूको मित्र मण्डलीमा हलचल भयो र उसका अरू ५० साथीहरूले पनि दिक्षा लिए ।[1]

यस पश्चात् भगवान गौतम बुद्धले संघको स्थापना गर्नुभयो र वर्षावास पछि कुनैपनि दुई भिक्षुलाई एउटै स्थानमा नगई फरक - फरक ठाँउमा धर्म प्रचारमा लाग्न आदेश दिनुभयो । यसरी ६० जना भिक्षुलाई फरक फरक ठाँउमा धर्म प्रचार गर्न पठाए पछि स्वयम् भगवान् गौतम बुद्ध पनि धर्म प्रचार प्रसारमा लाग्नुभयो ।[2]

आज देश समाजको हरेक क्षेत्रमा बुद्धवचन, उपदेशको प्रचार प्रसार गर्न झन् आवश्यक भएको छ। समाजको विभिन्न क्षेत्रमा धर्मको पँहुचबाट नै वास्तविक रुपमा समाजको विकास र सेवा गर्न सकिन्छ ।

इतिहासको काल खण्डमा देशमा विभिन्न राजनैतिक प्रणाली लगायत धार्मिक असहिष्णुताको कारणले बुद्ध धर्मले आफ्नो पहिचान कायम गर्नमा नै संघर्षशील हुनपर्यो र सोही अनुरुप धर्ममा समयका प्रवाहसँगै विभिन्न विकृति समेत भित्रियो । अब देशमा धर्म निरपेक्षको अवस्थामा सबै बौद्धहरू एकिकृत रुपमा बुद्ध धर्मको विकास, प्रचारमा लाग्नु त परेको नै छ । अझ देश समाजको विंसगति विकृतिलाई हटाउन समाजको सबै क्षेत्रमा धर्मको पहुँचबाट धर्म, नैतिकताको आधारमा नीति नियम बनाउने, कार्यान्वयन गर्ने वातावरण तयार गर्नमा विशेष जोड दिने पहल गर्न आवश्यक छ ।

"बुद्ध र समाजसेवालाई छुट्टाछुट्टै लिनु बुद्धिमानी हुँदैन । यी दुवैको घनिष्ठ सम्बन्ध भएको हुनाले एकअर्काको पूरक भन्न सक्छौं । बुद्धले एक मानवको हैसियतले प्राणी मात्रमा समभावले भरिएको मैत्री र करुणाको शिक्षा दिनुभयो । बुद्धले मानवताको कमजोरी माथि पूरा विजय गर्नु भई अरुलाई पनि यो आर्दश अनुकरण गर्न आव्हान गर्नुभएको छ ।"[3]

"सिद्धार्थ गौतम बुद्ध भइसक्दा पनि समाजबाट अलग हुनुभएन । मानिसहरूको जीवन राम्रो पार्ने मनले चरित्र सुधार र कलह नहुने शिक्षा दिनमा उहाँले धेरै ध्यान दिनुभयो । ....... बुद्धले आफुलाई कमलको फूलको उपमा दिएर भन्नुभयो–"कमलको फूल हिलोमा फुल्छ र पानीमा डुवेर बस्छ तर कमल हिलो र पानीबाट अलग भएर रहन्छ ।" त्यस्तै बुद्धको जीवन पनि हो । यसबाट के बुझिन्छ भने मानिसहरूको जीवन समाजबाट अलग भएर एक्लै आनन्द बस्नको लागि होइन । यो बुद्धको शिक्षा हो कि समाजमा बसेर समाजलाई गतिशील बनाउने र गतिविहीन हुने कुरा उहाँले बताउनु भएन । " अभिक्कम मा निवत"– अगाडि बढ, नरोक । यो उहाँको उद्घोष हो ।"[4]

यस्तो मानव धर्म नेपालको राजनीतिक खिचातानी र भेदभावको कारणले यथासक्य रुपमा सर्वसाधारण जनताबाट टाढा भएको छ । राणाकालमा भएको भेदभाव देखि लिएर पंचायतकालमा समेत नाना किसिमले यो धर्मको

1 सत्यनारायण गोयन्का, जागे मंगल प्रेरणा,(हिन्दी) पृ. २६४

2 उही पृ. २६७

3 भिक्षु सुशोभन, बुद्ध धर्म : मान्यता र दृष्टिकोण, प्रकाशक लेखक स्वय, पद्म सुगन्ध विहार, वु.स. २५३३

4 भिक्षु अश्वघोष, बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाण्डौ, बु. स.२५३५

5 भिक्षु सुदर्शन, बुद्धको जन्मभूमि नेपालम बुद्धधर्मप्रति असहिष्णुता, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाण्डौ, बु.स.२५३५



अनुयायीहरूमा निकै ज्यादती भएका छन् । 'भिक्षु रत्न ज्योति आमरण अनशन बस्दा पनि विहार जीर्णोद्धारको लागि सहयोग नपाउनु, पोखराको शान्ति स्तुपको विनाश गर्नु, हिन्दु धर्म समन्वय समितिको व्यवस्था पछि अन्य धर्मावलम्वीहरू काखा र पाखा पार्नु, हिन्दु धर्म मूल धर्म र अरु धर्म शाखा – धर्मको प्रलाप गर्नु, सबै प्रकारका समुद्घाटनमा ऋचा पाठ र वटुकहरूकै मात्र एकाधिपत्य, राजधानीका सार्वजनिक स्थानमा हिन्दु धर्मकै मात्र महावाणी, अस्पतालका कोठाहरूमा हिन्दु देवताहरूको एकाधिपत्य' आदि उदाहरणहरू अधार्मिक कार्यको रुपमा लिन सकिन्छ ।[5] (विस्तृत विवरणको लागि हेर्नुहोस भिक्षु सुदर्शन कृत, बुद्धको जन्मभूमि नेपालमा बुद्ध धर्मप्रति असहिष्णुता, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाण्डौ, बु. स. २५३५ ।)

अब गणतान्त्रिक नेपालमा धार्मिक सहिष्णुताले स्थान पाँउदैन भनि विश्वासका साथ समाजका यावत् क्षेत्रमा व्याप्त विकृति, विसंगति, भ्रष्टाचार, आदिलाई विचार गर्दा शैक्षिक, प्रशासनिक, न्यायिक, स्वास्थ्य, राजनीति, आदि क्षेत्रमा धर्मको प्रचार प्रसारको साथै नीति नियम पनि धर्मको आधारमा बनाउनु र सोही अनुरुप कार्यान्वयनको लागि जोड दिनु आदरणीय भिक्षु संघ, बौद्ध समुदाय,बौद्ध जनमानसको विशेष कर्तव्य भएको थान्छु र यही अनुरुप समाजको सबै क्षेत्रमा धर्मको प्रचार प्रसार गर्नु आजको आवश्यकता हो ।

भवतु सब्ब मङ्गलम् ●

# के छ तिमीमा त्यस्तो तिम्रो धम्म हलभित्र

श्री उत्तम थापा "सर्वदानंद" (ध्यान)

डल्लिएर उपत्यका
प्रत्येक महिनाको एक र चौध तारिखमा
ओहोर दोहोर गर्छ माइक्रो भरिए ज्योति भवन
काठमाण्डौ र शिवपुरी विपश्यना धम्म हलभित्र
छुटाई सम्प्रदायिकपन बाधिएर एकाग्रतामा
गराएर धारण धर्म इष्यालु धर्मावलम्वीहरूलाई
बाँधिएर मंगलधुनको संगीतमा
आबद्ध भएर प्रवचनको चित्तकारमा
श्रीसत्यनारायण गोयन्काज्युको
मेटाउन सुख दुःखका पिडाहरू रागरन्जित र द्वेष
तन स्कन्ध र चित्त स्कन्धका
छोपे झै रविलाई बादलले युगौदेखि
छोपिएर आएका वेदनाका लहरहरू
स्थुल, शुक्ष्म अनि अति शुक्ष्मतम्
भावनाहरू अन्तरमनका
त्यागेर भोगि आएका रुढीवादका स्कन्धहरू
प्रत्यक्ष स्वयं छामेर जानेर
अनुभवको आधारमा वीजारोपण गरि फलको
मिलाएर परिपाटी उपयुक्त वातावरणमा मुक्ति द्वारको
मलजलको आधार मिलाई छाँटकाटआट मिलाएर
मङ्गलधुनका भोरहरू समावेसी भएर
बुद्धको शान्ति सन्देशमा फुलका पौदाहरू फक्रिएर
विना सर्त निश्चर्य भावनाको शिवको आत्मदिप
एकाग्रमा बाँधिएर शिवपुरिको
विपश्यना धम्म हलको स्यानो ज्योतिमा
समाविष्ट भएर लालीगुराँसको फुलमा
शुद्ध पवनको झोकासंगै
आकास ताराहरू छरिएझै आकासमा
केशरीहरू फुलका फैलिनेछन् यत्रतत्र संवत्र
आर्य मौन वर्तालुहरूका हृदयमा ।

**कर्म, प्रज्ञा, वीर्य, समाध्यादि धर्म, शीलवान् भई उत्तम जीवनयापन गर्नु, यी चार प्रकारबाट मानिसहरू पवित्र (शुद्ध) हुन्छ । जातले वा धनले पवित्र हुँदैन ।**

संयुक्तनिकाय, देवता संयुक्त

# बुद्धको स्वतन्त्रता

■ भिक्षु उत्तम



संसारका सबै प्राणी स्वतन्त्र भई जिउन चाहन्छन् । कोही पनि प्राणी चाहे त्यो बुद्धिमान् कहलिएका मानव होस् या कोही अबोध प्राणी । ती सबै आखिर स्वतन्त्रताकै आशा राख्दछन् । एउटा सुगालाई सुनौलो मणि जडित पिँजडा त्यति प्रिय लाग्दैन जति ऊ स्वतन्त्र आकाशमा विचरण गर्न पाउँछ ।

संसारमा जति पनि विद्रोह, कलह, क्रान्ति, आन्दोलन आदि भई रहेका छन् । ती सबै रहस्यको पछाडी स्वतन्त्रताप्रतिको चाहले हो भन्नुमा कुनै संदेह छैन । कम्युनिज्म, मार्क्सवाद , समाजवाद यसका उदाहरणहरू हुन् । संसारको प्रत्येक क्षेत्रमा स्वतन्त्रताको खोजी जारी छ । यहाँ यस्तो कोही व्यक्ति भेट्टाउन सक्तैनौं कि जो स्वतन्त्रताको कामना नगरेको होस् । चेतन अवस्थामा होस् वा अचेतन अवस्था, हरपल स्वतन्त्रताको लागि ऊ दौडिरहेको छ । तर त्यो बाटो भिन्न भिन्न तरीकाको हुन सक्तछ तर गन्तव्य त स्वतन्त्रता यानि मुक्ति । ऊ घृणा गर्दछ जसले उसलाई बन्धनमा राख्दछ, रोक्दछ ऊ त्यससंग लड्दछ, संघर्ष गर्दछ । त्यसैले त यहाँ यति विघ्न धार्मिक, राजनैतिक, जातीय, वर्गीय क्रान्ति, युद्ध, संघर्ष भईरहेको छ । त्यस्तै परिवारमा हेर्यौं भने पनि प्रत्येक परिवारमा पारिवारिक संघर्ष भएको हामी पाउँछौं । आमाबुबा, छोराछोरी, बाबुछोरा,आमाछोरी, सासुससुरा, सासुबुहारी आदि । आखिर यी सब संघर्ष केवल मुक्तिको लागि नै भई रहेको छ । स्वतन्त्रताको लागि । एउटा पतिलाई लाग्दछ कि पत्नीले उसलाई बाँधिराखेको छ र पत्नीलाई पनि लाग्दछ कि पतिले पनि उसलाई बन्धित बनाई राखेको छ । यसरी आपसमा ती खिन्न हुन पुग्दछन् । बाबु आफ्नो छोरासँग लड्दछ किनकी छोरा चाहन्छ आफ्नो विकासमा अरु स्वतन्त्रता । र बाबु ठान्दछ कि उसले आफ्नो छोरामाथिको अधिकार शक्तिलाई गुमाएको छ । यसरी व्यक्ति, परिवार, समाज, देश र विश्व नै केवल एउटै चीजको लागि संघर्षरत छ त्यो नै हो मुक्ति यानि स्वतन्त्रता ! तर यस्ता राजनैतिक, धार्मिक, सामाजिक, पारिवारिक लडाइबाट केही मिल्नेवाला छैन । किनकी ती सबै सतही स्वतन्त्रता हुन् केवल सतही । परिवेश बदलेमा त्यो फेरी बन्धित हुन सक्तछ । त्यसैले सतही स्वतन्त्रता भनेको बन्धन हो र प्रत्येक स्वतन्त्रता एउटा मिराज समान हुन सक्तछ ।

मानिस धन कमाई सुख, शान्ति, स्वतन्त्र जीवन जिउन चाहन्छन् । किनकी धनले उसको आफ्नो हर कामनाहरू पूर्ण हुन्छन् । जब मानिसमा धन हुन्छ त ऊ आफुलाई स्वतन्त्र भएको ठान्दछ । किनकी गरीबीमा बाँच्नु भनेको अभावमा बाँच्नु हो र जहाँ आफ्ना सबै कल्पित आकांक्षाहरू पूर्ण हुन सक्तैनन् तर यस्तो अवस्था पनि आउँदछ कि जुन बेला उसलाई महशुस हुन्छ कि धन नै सबै थोक होइन अर्थात् यो सतही स्वतन्त्रता मात्र हो । त्यस अवस्थामा पनि हामी बाह्य परिवेश,घट्नाबाट प्रभावित हुन सक्तछौं र परिणाम आखिर बन्धन नै हो भन्ने महसुस हुन पुग्दछ । अतः नोबल पुरस्कार विजेता बंगाली कवि रविन्द्रनाथ टैगोरले भनेका छन् "Real freedom is of the mind and spirit. It can never come to us from outside." यथार्थतः उनले ठीकै भनेका छन् । बाह्य स्वतन्त्रता, सतही स्वतन्त्रता भनेको काल, परिवेश, ऋतु, युग सँगसँगै परिवर्तित हुन्छन् र यो स्वतन्त्रता दिगो पनि हुँदैन केवल क्षणिक वा केही समय सम्मका लागि मात्र हुन सक्तछ ।

विश्व पुरुष मानव इतिहासका सर्वश्रेष्ठ मानव भगवान् बुद्धले पनि यही सच्चा स्वतन्त्रताको खातिर कयौं जन्मसम्म पारमिता गुण धर्म पालना गर्दै अन्तिम जन्ममा जवानीको कलकलाउँदो उमेरमा आफ्ना माता, पिता, पत्नी, छोरा दरबार, राज्य, सम्मान सबथोक त्यागी बुद्ध बनेका थिए । उनले राजकीय पूर्ण विलासी जीवनमा पनि स्वतन्त्रताको आभाष पाउन सकेनन् । मानिस जन्मेपछि रोगी, बृद्ध हुनुपर्छ अन्ततः मर्नु पनि पर्ने स्वभावलाई उहाँले आफू बन्धनमा परेको आभाष पाउनु भई सच्चा स्वतन्त्रता, जुन स्वतन्त्रता पुनः बन्धनमा परिणत हुन सक्तैन । कुनै काल,परिवेश,युग,धारणा,दर्शनले पनि प्रभावित तुल्याउन नसक्ने बुद्धत्व स्वतन्त्रता उहाँले प्राप्त गरे । उनको स्वतन्त्रता कवि रविन्द्रनाथको भनाई सच्चा थियो र जसको वीजारोपण हृदयमा भएको थियो, बाहिर थिएन । हामी पृथकजन हल्लिन्छौं रुखका पात हावाको झोंकाले हल्लिएझैं,तर उहाँ हल्लिनु हुन्न जस्तै तूफानमा पनि नहल्लिने ईन्द्रखील । विषयवस्तु त्यही हुन्

उहाँ पनि यही संसार वातारवरण समाजमै रहनु हुन्छ तर हामी विषय वस्तुबाट प्रभावित हुन्छौं र राग दोष मोह रुपी बन्धनमा बन्धित हुन पुग्छौं तर बुद्धको स्वतन्त्रतालाई ती तत् विषयवस्तु कुनैले पनि प्रभावित असर पार्न सक्तैन ।

जति पनि ध्यानी पुरुषहरू छन्, उनीहरू अतीतमा, अहिले पनि र भविष्यत्मा पनि आँखा बिल्कुल बन्द नै राखी ध्यान गर्छन् । किनकी यो एउटा प्रतिकारात्मक भाव हो कि बाहिर नहेर, भित्र हेर , बाहिर केही छैन, देख्न योग्य केही छैन, मूल्य छैन केवल तृष्णा छ र बाहिर हेर्नु नै संसारमा प्रवेश गर्नु हो अर्थात् बन्धनमा । उदाहरणको लागि एउटा घट्ना राख्दछु । एउटा ध्यानी आफ्नो सम्पूर्ण भवभोग सम्पत्ति त्यागी जंगलमा ध्यान बसिरहेको थियो । वास्तवमा ऊ एउटा महान् राजा थियो जसले संसारको वास्तविकता बोध गरि गृहत्याग गरेका थिए ।



एकदिन ऊ एउटा रुख मुनि ध्यान मुद्रामा ध्यान गरिरहेका थिए । सुर्य विस्तारै उदय भई राखेको थियो । अचानक उनले केही पर असल हिरा जुन उनले कहिल्यै देखेको सम्म थिएन । उनको ध्यान अब उक्त हिरामा गयो । शरीर पद्मासनमा भए पनि मन भने हिरामा गयो । उसमा कामना जाग्यो अर्थात् त्यसप्रति लालसा । उनी त्यो हिरा लिन के उठेका थिए । दुई घोडा सवार साथीहरू त्यस बाटो भई आएका थिए । बाटोमा चम्किरहेको जुन हिरा देखे ती दुई, तब ओर्ली पहिला देख्नेले लिने हठ गरे तर तृष्णाको खेल दुबैले आफूले पहिला देखेको दावा गरे र कलह शुरु भई तरवारले हिराको लागि युद्ध गरे तर दुवै मरे त्यो हिराको लागि केही क्षणमा नै त्यस ध्यानीले देखे कि दुई लास त्यो हिराको अगाडी लडिराखेको । यो दृष्य देखी ती हाँसे र पुनः ध्यानमा लिन भए । उनले बुझे यी सब वेफ्वाँक छन् , फगत हुन् हिरा उनीहरूको जीवनभन्दा बढी मूल्यवान् भई दियो । वास्तवमा तृष्णाले नै हामी खुट्टाले भुईमा टेक्दैनौं, पागल बन्दछौं र हाम्रो हालत पनि आखिर त ती दुई घोडासवार साथीहरूको जस्तै हुन पुग्दछ । यथार्थ यहाँ कसैलाई कसैले आकर्षित गरेको छैन । हिरालाई थाहाँ पनि थिएन कि ध्यानीको मनमा तृष्णा जाग्यो अथवा दुई वटा घोडासवार आफ्नो लागि ज्यान सम्म दिए ।

भगवान् बुद्ध र हामी पृथ्वीमा रहन्छौं तर उहाँ र हामी बीच धेरै अन्तर छ । अन्तर यो हो कि बुद्ध अलग ढंगबाट जिउनु हुन्छ तर जगत भने यही हुन्छ । उहाँ आफ्नो मालिक आफै हुनुहुन्छ, अरु होईन । उहाँलाई कुनै पनि बाह्य शक्ति, घटना, विषयवस्तुले संस्कारित, स्पर्शित, प्रभावित बनाउन सक्तैन । किनकी उहाँ निर्लिप्त हुनुहुन्छ अर्थात् स्वतन्त्र हुनु हुन्छ । यथार्थतः जो व्यक्ति शक्तिशाली छ त उसले परिवेशलाई बदल्ने कोशिस गर्दैन बल्कि आफू स्वयंलाई बदल्ने प्रयास गर्दछ । किनकी परिस्थितिलाई बदल्न सकिंदैन त्यो एउटा परिस्थिति पछि अर्को परिस्थितिको सृजना भई असीमित हुन पुग्दछ ।

यहाँ विकासको तीन चरणलाई हेर्दा :–

(१) परिस्थिति मालिक र व्यक्ति त्यसको दास बन्ने अवस्था ।

(२) व्यक्ति प्रबल परिस्थिति गौण बन्ने अवस्था ।

(३) व्यक्तिले परिस्थितिलाई प्रभावित गर्ने अवस्था ।

पहिलो विकासको अवस्थालाई हेर्दा व्यक्ति अज्ञानी देखिन्छ अथवा व्यक्ति विल्कुल परिस्थितिबाट संस्कारित,प्रभावित,स्पर्शित बन्दछ भने दोस्रोमा व्यक्ति अझै पनि अज्ञानी त छ तर ऊ सजगरत छ अथवा सजगताको लागि प्रयासरत छ । होश गुमेमा अझै ऊ परिवेशको शिकार बन्न सक्तछ । अथवा ऊ साधक हो जो साधना गरिरहेको छ । तेस्रो अवस्था बुद्धत्वको अवस्था हो । जसमा व्यक्तिले जागृत हुने कोशिस गरेको छैन बस् आफसेआफ् जागृत भईरहेको छ । जागरण उसको श्वासप्रश्वास जस्तै भएको छ । कुनै प्रयास कुनै उत्साहको आवश्यकता अब रहँदैन । आसपासको परिस्थितिले पनि उसलाई संस्कारित,स्पर्शित र प्रभावित तुल्याउन सक्तैन अथवा बुद्धत्व अवस्था पूर्ण स्वतन्त्र अवस्था जसलाई बुद्धको भाषामा – निर्वाण !

॥ अस्तु ॥

# नयाँ नेपाल , शान्ति र विकासमा बुद्ध धर्मको भुमिका

■ भिक्षु चन्द्रकीर्ति, श्री कीर्ति विहार



सत्तारुढ सातदल , नेकपा-माओवादी र नेपाल सरकारबीच २०६३ कार्तिक २२ गते सम्पन्न सहमति र मङसिर ५ गते भएको विस्तृत शान्ति-सम्झौताले २०५५ साल देखि नै चल्दै आएको सशस्त्र द्वन्दलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गरिए तापनि मुलुकमा अझै शान्ति कायम हुन नसक्नु र दिर्घकालीनमा यस नेपाललाई हानिकारबाट बचाउन , धार्मिक क्षेत्रबाट हुनुपर्ने कुराहरूलाई ध्यान राखेर नेपालको सन्दर्भमा राज्य व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका समग्रमा नेपाल सरकारले ध्यान दिनु पर्ने कुराहरू धार्मिक क्षेत्र, अनि धार्मिक, सामाजिक, राजनैतिक, आर्थिकलाई समेट्ने गरी नयाँ नेपालको नयाँ संरचनामा शान्ति र यसको विकासक्रममा र बुद्ध धर्म र बुद्ध शिक्षाले सक्दो भूमिका गर्न सक्ने कुराहरूलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

महामानव सिद्धार्थ गौतमको जन्म २५ सय वर्ष अगाडि नेपालमा भएतापनि , नेपालको वर्तमान स्थितिमा राजनीतिक अस्थिरताको कारणले गर्दा ह्रासोन्मुख भइरहेको छ । नेपालमा फैलिएको द्वन्द धार्मिक तथा जातीय नभई राजनैतिक विद्रोहले सृजना गरेको हिंसा भएपनि धार्मिक क्षेत्रले समाधानका लागि चासो र सक्रियता देखाउनु अतिआवश्यक भएको छ ।

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातिय, बहुसाँस्कृतिक राष्ट्र नेपाल भौगोलिक हिसाबले पनि हिमाल, पहाड, तराई गरी विविधताले भरिएको छ ।

एशियाको ज्योति भनेर चिनिनु हुने महामानव सिद्धार्थ गौतमको सम्बोधि लाभ पछि, उहाँको ४५ औं वर्षसम्म गाउँ, नगर, अनि राज्यहरूमा उहाँको धर्म प्रचार प्रसार क्रममा घटेको र उहाँको जीवनमा मूल्य मान्यताको आधार अनि शान्ति अग्रज गौतम बुद्धको जन्म नेपालको लुम्बिनी, बुद्धगया, सारनाथ र कुसीनगर भारतमा हुनु भएको ऐतिहासिक सबैलाई थाहा छ ।

## बुद्ध र बुद्ध शिक्षा

धेरै मानिसहरूले बुद्धलाई अज्ञानता वंश देवत्वमा राखेर मान सम्मान गर्छन् । तापनि बुद्ध त्यस प्रकारको अनावश्यकमा सम्मान र प्रशंसा पात्र हुनुहुन्न । बुद्ध भन्नुहुन्छ भिक्षुहरू लाभ, सत्कार, कीर्ति, प्रशंसा इच्छा गर्न निष्कलंक जीवन बिताउनु दुःखबाट मुक्त हुनुलाई ठुलो बाधक र खतरापूर्ण छ । बुद्ध मानिसमा रहेको अज्ञानता, अशिक्षित, मिथ्यादृष्टि हटाउन र मानिसहरूले गर्ने अशोभनीय काम नगर्न र सम्झाउनको लागि वा बिग्रिएको समाज, व्यक्तिहरूलाई सुधार गर्नु जन्मनु भएको हो ।

सही रुपमा बुद्ध त्यागी हुनुहुन्छ । शुद्ध भएको महापुरुष हुनुहुन्छ, उहाँ यथावादी तथाकरी अर्थात कसरी बोल्नु हुन्छ त्यसरी नै काम गर्नु हुन्छ र क्रियाशील हुनुहुन्छ ।

बुद्ध आफू बोध भएपछि मात्र अरूलाई बोध गराउनु हुन्छ । आफू शान्त भएपछि मात्र अरुहरूलाई शान्ति हुनुपर्ने उपदेश दिनुहुन्छ । बुद्धधर्ममा न्यायपूर्ण शान्ति र शान्तिको वातावरण बनाउन प्राथमिक आवश्यक दिनुहुन्छ । यी गुणहरूले नै उहाँलाई विश्वको इतिहासमा महामानवको अमर इतिहासमा सर्वश्रेष्ठ रहनुभयो । उहाँ हेतुवादी र कर्मवादी सिद्धान्तले विज्ञान र मनोविज्ञानमा आधार प्रमाणित गराउनु र मार्ग प्रदर्शन हुनुभयो । उहाँको ४५ वर्षमा बिग्रिएको, व्यक्तिहरूलाई असल बन्न बनाउन शिक्षा दिनुभयो तापनि कसैलाई उहाँले असल बनाइदिने जिम्मा चाँहि लिनुभएन ।

**तुम्हेहि किच्चं कातप्पं अक्खतारो तथागता ।**

तथागत (बुद्ध) मार्ग प्रदर्शन गर्ने व्यक्ति मात्र हो काम गर्नु अभ्यास गर्ने त तपाइहरूको । त्यसै गरी

**शुद्धि अशुद्धि पच्चतं नान्य मनय विसोधाये ॥**

शुद्ध हुनु र अशुद्ध हुनु वा सुधार गर्ने नगर्ने आ आफ्ना हातमा छ र मनको कुरा हो । बुद्ध स्वयम् भन्नुहुन्थ्यो म मेरो काम बाटो देखाउनु मात्र हो । गर्ने त तपाईहरु नै हो शिक्षा वा शील, समाधी, प्रज्ञा वा आचरणलाई पालन गर्ने त तपाईहरू नै हो । समग्रमा बुद्ध धर्मको सामाजिक, आर्थिक, राजनीतिक र स्वतन्त्र चिन्तन पनि हो । मानव समाजको विकासका निम्ति स्वतन्त्र चिन्तन अत्यावश्यक छ । त्यसको मतलब कसैको कथनमा वा ग्रन्थमा लेखेको प्रमाणित भए वा नभए तापनि विश्वास नगर्नु । यहाँ प्रश्न उठ्न सक्ला ।

बौद्ध ग्रन्थमा वा त्रिपिटकलाई मान्यता दिनेकी नदिने ?

अंगुतर निकायमा उल्लेखित कालामसुत्त अनुसार बुद्धले

बताउनु भएको छ ।

सुनेको कुरामा विश्वास नगर्नु ।

धेरैले भनेको भनेर सत्य र असत्य नै नछुट्याई स्वीकार नगर ।

धर्मगुरुले भनेको भनेर सत्य र असत्य नै नछुट्याई स्वीकार नगर ।

धर्मगुरूले भनेको भनेर पनि शिरोपन नगर ।

आफ्नो स्वतन्त्र बुद्धिले पछि सम्म बहुजनको कल्याण र हित हुने भए मात्र विश्वास गर ।

स्पष्ट रुपमा बुद्ध स्वयम्ले भन्नु भएको छ ।

मैले भनेको भनी मेरो कुरामा पनि विचार नगरी विश्वास नगर्नु । जसरी सुनारले सुनको परिक्षा गरेर हेर्छ । त्यसरी नै भिक्षुहरूले मेरो वचनमा परीक्षा गरेर मात्र विश्वास गर्नु । (अंगुत्तरनिकाय)

कुलपमं वो भिक्खुवे धम्मं देसिस्सामि ।

नित्यरणत्थाय नो गहणत्थकंणनो ॥

भिक्षुहरू, म धर्मलाई डुङ्गाको उपमा गरेर तिमीहरूलाई उपदेश दिनेछु । धर्म दुःखबाट मुक्ति हुनको लागि हो अथवा पार गर्नलाई हो ।

डुङ्गा तरी सकेपछि तर्नलाई काम आउँछ भनी बोकेर हिड्नलाई होइन । (अल्गाद्दुपमसुत्र) मज्झिमनिकाय ।

माथि भने झैं धर्म दुःखबाट मुक्त हुनु हो । तसर्थ बुद्धले सम्बोधिज्ञान प्राप्त गर्न भएको चार आर्य सत्य ।

१) दुःख सत्य

२) समुदाय सत्य

३) निरोध सत्य

४) मार्ग सत्य

दुःख, दुःखको कारण, दुःखलाई हटाउने उपायहरू समस्याको समाधान गर्ने बाटोहरू मार्ग । अष्ट मार्ग, प्रतित्यसमुप्पाद, (हेतु वादी–कर्मवादी) दुःख, अनित्य, अनात्मा र निर्वाण नै बुद्ध वाद हो ।

**पञ्चशील सामाजिक सिद्धान्त**

बुद्ध वाद वा बौद्ध दर्शन अनुसार मानिसको दैनिक जीवनमा चलिरहने वा हुने कुनै पनि क्रियाकलापलाई अनुशासन वा नैतिकमा बाँधेर जीवनमा उच्च विचार गर्नु गराउनुमा अनुशासन नैतिकको आवश्यक हुन्छ ।

पञ्चशील पनि यसैको एक ठूलो सामाजिक आधार हो । शीललाई ग्रहण गर्न सदा जीवन उच्च विचारलाई दैनिक जीवन शैलीमा उतार्नु । प्रायः अहिले कुनै पनि देशमा वा अन्य देशहरूमा व्यापारिक सम्बन्ध तथा परिवहान सन्धी सम्झौता हुनु वा पञ्चशीलको आधारमा देशको विकास गर्ने भन्ने समाचारहरू सुन्न पाइन्छ ।

बुद्धधर्म अनुसार पञ्चशील भन्नाले पाँच वटा नियम सदाचार हुन् । नैतिकवान तथा अनुशासित मानिस बन्नको लागि पञ्चशील निकै सहयोगी बन्न सक्छ । पञ्चशीलको मूल्य मान्यता र पालनाले गाउँमा, समाजमा, देशमा न्यायपूर्ण शान्तिको भूमिका बन्ने छ । पञ्चशील निम्न प्रकारले छ ।

१) प्राणी हिंसा नगर्नु ।

२) चोरी नगर्नु । सामान, वस्तु नसोधी नलिनु ।

३) व्यभिचार नगुर्न । परस्त्री, परपुरुष ग्रहन नगर्नु ।

४) झुठो नबोल्नु ।

५) जाँड रक्सी लागु पदार्थको सेवन नगर्नु ।

१) प्राणी हिंसा नगर्नु । यो प्राथमिक पहिलो शील हो । एकले अर्कालाई दुःख दिनु यातना दिनु । हिंसा हो । हिंसा गर्ने मानिसमा दया मायाको अभाव हो । प्राणी हिंसा वा पशुवली चढाएर पञ्चवली गर्ने वा हिंसा नै धर्म हो भने पाप भनेको के ? हुन सक्छ ।

२) चोरी नगर्नु । अरुहरूको वस्तु नसोधिकन लिनु नै चोरी हो । भ्रष्टाचार, घुसखोरी, कालो बजारबाट व्यापक छ । यही परिभाषाले देश गरिबीको रेखामुनी परिरहेको छ । चोरी गर्ने व्यक्ति सधैं भयभीत रहन्छ । चोरीको सम्पत्ति स्थिर हुँदैन ।

३) व्यभिचार नगर्नु । यसको भनाई कुनै पनि व्यक्तिले आफ्नो निजी सम्पत्तिलाई मात्र भोग गर्ने । परस्त्री परपुरुषलाई गमन नगर्ने वा गर्नेलाई व्यभिचार भनिन्छ । व्यभिचारले घर, गाउँ, समाज वा राष्ट्रमा ठूलो हानी हुन्छ । धनको नाश,अनि रोग जस्तै एड्स रोग अहिले विश्वमा फैलिएको छ । त्यसको निम्ति कति धन सम्पतिहरू खर्च हुन्छ । व्यभिचारबाट अलग्ग रहने व्यक्तिको शत्रु हुँदैन । सबैसंग मिलेर बस्न सक्छ र सुखपूर्वक सुत्न पाउँछ र धनको रक्षा हुन्छ ।

४) झुठो नबोल्ने । पञ्चशीलको चौथो अंग हो, झुठो नबोल्नु । अर्काको मान प्रतिष्ठानमा धक्का पर्ने किसिमले नबोल्नु, झुठो बोल्ने व्यक्तिलाई कसैले विश्वास गर्दैन । सत्यवादी सबैको प्रिय र विश्वासिलो हुन्छ ।

५) जाँड रक्सी लागुपदार्थ सेवन नगर्ने । पञ्चशीलको अन्तिम शील हो र अति आवश्यक मानिन्छ । यी सेवन गर्नाले समाजमा चारैवटा कुराहरूको गाँठो पर्छ । झगडा हुन्छ, कुटपिट वा लुटपाट र परस्त्री गमन पनि लागुपदार्थ सेवन

गर्नाले वा गरेकोमा हुन्छ ।

पञ्चशीललाई मानिसलाई मानिसको जीवनमा अति आवश्यक, घनिष्ट सम्बन्ध छ । पञ्चशीलको अभावमा विश्वमा आतंक, लुटपाट, यौन व्यापार, घुसखोरी, कालो बजार, दमन, शोषण हिंसा लागुपदार्थ सेवन र भ्रष्टाचार भइरहेको छ । पञ्चशील पालन गर्नाले डर, त्रास, राग, शोकबाट मुक्त भई सुख शान्तिपूर्वक जीवनयापन गर्न सकिन्छ ।

बुद्धधर्ममा राज्य, अर्थनीति ।

महामानव गौतम बुद्धले राज्यको लागि भलाई र विकास प्रक्रिया न्यायपूर्ण शान्ति, मानसिक शान्तिको विकासमा जोड दिएको छ ।

बुद्धको प्राणी हिंसाको माध्यमलाई त्यागेर शासकले शासन प्रशासनमा वा देशको जनताको भलाई निम्ति किसानहरूलाई खेती योग्य जमीन, बिउ वितरण जल सिंचाइको व्यवस्थापन साथसाथै बजारको प्रबन्ध सही गर्ने गराउनु । चोर डाँकाहरूलाई वा त्यस्तो व्यक्तिहरूलाई ज्ञान र पेशाको सीप सिकाउन वा रोजगारको समेत प्रबन्ध गर्नु । सो दण्ड, पायसिराजन र कुटदन्त सुत्रहरूमा उल्लेख छ । बुद्धधर्मको अर्थनीतिको कुराहरू प्रशस्त पाइन्छ । मनुष्य जीवन सुखमय हुनलाई आर्थिक स्थिरता अति महत्व र अत्यावश्यक सामाज आर्थिक स्रोतबाटै पाउँछौ । आर्थिक असमानताको कारणले विश्वमा मानिसहरू खान नपाएर भोकभोकै मरिरहेको छ । गरीबीको कारण चोरी, हत्या, हिंसाको समस्याहरू बढी रहेको छ । ती समस्याहरू समाधान गर्नलाई राज्यले अर्थनीतिको मूल्य मान्यतालाई सम्हालेर वा सम्हाल्नु सकेमा शान्ति कायम राख्न पहिलो कदम चाल्नु नै देशको मजबुत र सम्पन्नता साथै शान्ति प्रक्रिया समाजमा स्थिर रहने छन् । महामानव गौतम बुद्धले मनुष्य जीवन सुखी हुनको लागि दिनु भएको उपदेश मनन योग्य छ । यसलाई छोटकरीमा उ.आ.क.स.ले चिनिन्छ ।

१) उठ्ठान सम्पदा । उठेर मिहेनती साथ परिश्रमी गरी समयको महत्व बुझेर परिश्रम गर्ने । उद्योग धन्दा चलाउनु । परिश्रम गर्ने उन्नतीको लागि उद्योग धन्दा गर्नेलाई समयको सदुपयोग समयको सम्पन्नता ।

बहा बल परिचिता, दुबै हात चलाएर परिश्रम गर्नु ।

सेदा वकिरित्त "पसिना फुटाएर बगाएर कमाउने ।

२) आरक्खा सम्पदा । कमाएको धनसम्पतिलाई सुरक्षा साथ संकलन र बृद्धिलाई लगानी गर्ने आर्थिक अनुशासन हो । अप्राप्त सम्पदा प्राप्त गर्न नसक्ने अनि प्राप्त सम्पदा रक्षा गर्न नसक्नु अन्धो पुरुष एउटा आँखा सम्म हुन्छ ।

३) कल्यान मित्र । बुद्ध धर्म अनुसार मित्र साथीको स्थान उच्च हुनेछ । मान्छेको संगतले बिग्रन वा सुधार्न पनि मित्रको हात भएकोले । कल्याण मित्र भनेको आफ्नो अनि साथीभाइहरूको पनि कल्याण हुने कुरालाई सरसल्लाह, सुझाव दिने वा पारस्परिक मेलमिलाप कायम राख्ने परस्परमा सहयोगी लेनदेन, दुःखसुखको कुरा बाड्ने । त्यसैले बुद्ध धर्ममा मानव कल्याणको लागि मात्र नभएर देश, समाजको रक्षा शान्ति प्रक्रियामा कल्याण मित्रको ठूलो हात छ ।

४) समजिवतो वा समजीवका । आर्थिक दृष्टिमा पारिवारिक, बुद्ध धर्म अनुसार प्रमादी नहुनु र आफ्नो स्थान, स्थिति साथ अनुसार जिविका गुजार्न वा चलाउनेलाई समजीविका भनिन्छ । बुद्धको अर्थनितिमा श्रमको मूल्यांकन नराई नै नर्कलोकमा डुब्नु हो । त्यसर्थ समजीवनमा जीवन अपनाई आफ्नो आवश्यकता अनुसार पूर्ति गर्न । आफ्नो कल्याण हुनेछ भन्दै बुद्धोपदेशलाई मनन गर्न चाहन्छु ।

**सब्बपसस्स अकरणं कुसलस्स उपसम्पदा,**
**सचित्त परीयोदपनं एतं बुद्धान सासनं ॥**

अर्थः–कुनै पाप काम नगर्ने कुसल कार्य मात्र गर्ने ।

चित्तलाई शुद्ध र सफा बनाउनु यही हो बुद्ध धर्म ।

बुद्धले मानव-समाज, सभ्यता र विश्वमा शान्तिमय वातावरण, न्यायपूर्ण शान्तिको लागि सम्यक जीवनको व्यावहारिक उपदेश धारण र पालना हामी सबैबाट हुनुपर्छ । अबको नयाँ नेपाल, नयाँ संरचनाको जग सँगसँगै देशमा पुन शान्ति र विकासको लागि धार्मिक क्षेत्रबाट हुने भूमिकाको पनि मूल्यांकन गर्न र गराउनलाई राज्यले राज्यबाट गर्नु पर्ने कुराको ध्यानाकर्षण गराउँदै यो समाप्त गर्न चाहन्छु ।

●



# श्यामावती

केशरी वज्राचार्य

श्यामावती भद्रावती नगरका सेठकी प्रिय छोरी हुन् । यिनी असाध्य राम्री थिइन् । शान्त स्वभावकी श्यामाको शिक्षादीक्षामा आमाबाबुले खुबै ध्यान पुऱ्याएका थिए । यिनको जीवनलाई हेर्दा विधिको विडम्बनाजस्तो लाग्छ । तर उनको पूर्वजन्मको कर्म विपाकले गर्दा यिनले सुख दुःख दुवै भोगेकी थिइन् ।

एकपटक भद्रावती नगरमा प्लेग रोग फैलिएर हाहाकार मच्चियो । धेरै नगरवासी मरे । रोगबाट बचेका मानिसहरू नगर छाडेर अन्तै गए । श्यामा आफ्ना बाबु आमासित कौशाम्बी नगरतिर लागे । त्यहाँ सेठका एकजना साथी बस्थे । तर तिनीहरू आपसमा कहिल्यै भेट भएका थिएनन् । पत्रमित्रबाट मात्रै साथी बनेका थिए । कौशाम्बी पुगेपछि मित्रको घरमा गएर दुःख दिन चाहेनन् । तिनीहरू नगरको असहाय मानिसहरू बस्ने सत्तलमा बसे । धेरै दिनसम्म अन्न ग्रहण गर्न नपाएकाले उनका आमाबाबु दुवै साह्रै दुब्लाइसकेका थिए । नगरमा भिक्षा माग्न पनि जान्नसक्ने अवस्था भएपछि प्राण धान्न श्यामालाई पठाउने विचार गरे । दीनहीन अवस्थामा आँखाबाट बलिन्द्र आँसु झार्दै ऊ भिक्षा माग्न गइन् ।

घोषित नाम भएका सेठले दिनहुँ गरीब निमुखाहरूलाई भोजन खुवाउँथे । उनले भोजनशाला नै बनाएका थिए । यी सेठ आफूले खटाएका मानिसहरूले राम्रोसँग भोजन दिन्छन् कि दिदैनन् भनी भोजनशालामा आफैं उपस्थित हुन्थे । भोजनशालामा लाम लागेर बस्नेहरूको हुलमा श्रेष्ठीकन्या श्यामा पनि उभिइन् । तीनजनालाई भोजन लिएर ऊ सत्तलमा फर्किन् । धेरै दिनसम्म भोकै बसेका हुँदा असक्त भएर बाबु चाहिने खाएको भोजन पचाउन नसकी मरे ।

तेस्रो दिन श्यामा एउटा मात्र पात्र लिएर रुदै उभिइन् । घोषित सेठले मनमनै विचार गऱ्यो । यसले पहिले झूठ बोलेर धेरै भोजन लिने गर्थिन् ।"अब धेरै खान नसक्ने भइहाली एउटा मात्र पात्र लिएर आइछ"।

श्यामा भक्कानिदै आँसु झार्दै आफ्नो दुर्भाग्यको व्यथा सुनाइन् । घोषित सेठ उसका बाबुका पत्रमित्रका साथी रहेछ भन्ने थाहा भयो । मित्रको मृत्युमा सेठलाई थाहा नभएकोमा साह्रै दुःख भयो । सेठले श्यामाप्रति करुणा राख्यो । उसले श्यामालाई घर लगेर आफ्नी जेठी छोरी बनाएर राख्यो । दानशालाको रेखदेखको जिम्मा उसैलाई दियो । व्रत लिएर श्यामा भोजनशालामा दान दिन जान्थिन् । सबै याचकहरू उसको व्यवहारबाट सन्तुष्ट थिए । श्यामाको शीलस्वभाव राम्रो भएकोले सेठले उसलाई श्यामावती भनेर बोलाउन थाले ।

एकदिन घोषित सेठका एकजना मित्र घरमा आए । श्यामाको शीलस्वभाव चालचलन आनीबानी साह्रै राम्रो देखेर उसले पनि शिरमा हात राखेर आर्शीवाद दिंदै जेठी छोरी बनाए । पाँचसय केटी साथीहरू सेवामा राखी दिए ।

यमुना स्नान महोत्सवको समय आयो । उत्सवको नियम अनुसार सहभागी सबै महिलाहरू हिडेरै नुहाउन जानुपर्थ्यो । देशभरीका वैभवशाली महिलाहरू पनि पैदलै हिडिरहेका थिए । श्यामावती पनि पाँचसय केटीसाथी र दासीहरूको साथ लिएर राजभवनको सडक भएर हिडिरहेका थिए । त्यही बेला कौशम्बी नरेश उदेनले पाँचसय साथीहरूबीच चम्किलो नक्षत्र झैं देखिएकी श्यामालाई देखे । राजाले विचार गरे यिनलाई राजदरवारमा ल्याउन पाए ठूलै शौभाग्य हुने थियो । उनले सोधे "यी नाचगान गर्दै आएका केटीहरू को हुन् ?" सोधेखोजेपछि थाहा भयो । यी केटीहरू नाचगान गर्नेहरू होइनन् । यी त श्रेष्ठी घोषित सेठकी छोरी श्यामावती र उसका साथीहरू हुन् ।

श्यामावतीको रुप र सुन्दरताबाट मुग्ध भएका राजाले श्रेष्ठीसित श्यामा माग्न पठाए । तर श्रेष्ठीले अस्वीकार गऱ्यो । यसबाट अप्रसन्न भएका राजाले श्रेष्ठीका प्रासाद वरिपरि घेर्न सिपाहीहरू पठाए । श्यामा नुहाएर फर्कदा घर वरिपरि सिपाहीहरू घेराउ गरी बसिरहेको देखेर बाबुलाई कारण सोधे । कारण थाहा पाएपछि उसले केही विचार गरी भनिन् "बुबा ! यदि महाराज उदेनले मेरो पाँचसय साथीहरू र सेविकाहरूलाई मसँगै राजभवनमा स्थान दिएमा उहाँको आज्ञा स्वीकार गर्न केही गाह्रो हुनेछैन । "उनको कुरा सुनेर प्रसन्न भएपछि बाबुले उदेन राजालाई त्यो कुरा भने ।

राजा उदेनले श्यामाको कुरा स्वीकार गरी उसलाई प्रधान राजमहिषी पद दिएर राखे । श्यामावती वीणा वादनमा निपुर्ण थिइन् । श्यामाको हातले बजेको वीणाको

मधुर झंकारले राजालाई झनै मोहित पाऱ्यो। श्यामाको प्रेमबन्धनमा परेर राजा आफैलाई बिर्सन्थे।

श्यामावती रानी फूलको सौखिन थिइन्। दलित जातकी दासी खुज्जुत्तरालाई दिनहुँ आठ कार्षापण दिएर फूल किन्न पठाउँथिन्। खुज्जुत्तरा चार कार्षापणको फूल किनेर चार कार्षापण आफू लिन्थिन्।

एक दिन बुद्धको उपदेश सुनेपछि उसको हृदय परिवर्तन भयो। चोरी गर्नु उचित होइन भन्ने बुझेपछि उसले आठै कार्षापणको फूल किनेर लाने गरिन्। रानी श्यामाले केही दिनदेखि फूल बढी ल्याउन थालेको थाहा पाएर कारण सोधिन्। उसले बुद्ध उपदेश सुनेर आफूमा यस्तो परिवर्तन आएको सत्य कुरा बताइन्। धार्मिक भावनाले ओतप्रोत भएकी श्यामा पनि प्रभावित खुज्जुत्तरालाई बुद्धको उपदेश दिनहुँ सुनेर आउने अनि आफूलाई सुनाउने नयाँ काम दिइन्। श्रद्धाशील श्यामाले बुद्धप्रति ठूलो श्रद्धा राखेर आफै उपदेश सुन्न जान चाहन्थिन्। तर राजाको आदेश बिना सम्भव थिएन।

चरिका एवं धर्मउपदेशका निम्ति नगरमा आउनुहुने बुद्धलाई श्यामाले आँखीझ्यालबाट हेरेर वन्दना गर्थिन। सानो आँखीझ्याललाई ठूलो पार्न लगाइन्। यो कुराले उनकी सौता मागन्धीलाई उप्रति द्वेष साध्य गर्न मौका मिल्यो। मागन्धी आफ्नो रुप सुन्दरताको अभिमान गर्थिन्। बुद्धले उसको रुपको अभिमानलाई एक दिन तिरस्कार गर्नुभएको थियो। त्यसैले मागन्धी बुद्धको अगाडि पर्न डराउँथिन्। श्यामा मुख्य रानी भएपछि उसको इर्ष्या पनि बढ्यो। अर्कोतिर श्यामा बुद्धका उपासिका बनेकीले उसलाई दुःख दिने नियतले नभएका कुराहरू राजालाई सुनाएर बदलाको लागि सँधै कुनै न कुनै उपाय सोचिरहन्थिन्। राजालाई मन नपराउने बुद्धलाई मात्र मनपराउने भन्दै कुरा लगाउन थालिन्। आँखीझ्याल ठूलो पारेको प्रमाण दिएर श्यामाको बिरुद्ध कुरा लाउने गरेपछि राजा पनि पत्याउन थाले। अहिंसाको व्रत लिएकी श्यामावतीलाई कुखुरा काटेर मासु बनाएर ल्याउ भन्न लगाइन्। तर श्यामाले अस्वीकार गरेपछि त्यही निहुँ पारेर राजा श्यामावतीसित खुबै रिसाए। श्यामालाई धनुषकाँडले हानेर मार्न राजाले हतियार उठाएपछि श्यामाका पांचसय साथीहरू र श्यामा आफैले पनि मैत्रीचित उत्पन्न गर्ने सूत्रपाठ गरेपछि राजाले उठाएका धनुषकाँडले पनि काम गरेन। राजाका धनुषकाँड उठाएको हात हावामा उठेको उठ्यै भयो। श्यामा र उसका साथीहरूले फेरी मैत्री भावना राखेर सूत्र पाठ गरेपछि राजा पहिलेको अवस्थामा आयो। यो चमत्कारपछि राजाको मन बदलियो। राजाले श्यामावतीसित क्षमा माग्यो। तर श्यामाले राजाको मर्यादा राख्दै क्षमा होइन। बरु अब सबै बन्धन फुकुवा भयो।

यसबाट मागन्धी ईर्ष्या र द्वेष भावनाले बहुलाही जस्ती भइन्। उसले अरु अरु षडयन्त्र गरि नै रहिन्। वीणा तारमा आफैले सर्प लुकाएर राखी राजालाई मार्ने दाउ गरेको आरोप लाए। निर्दोषी श्यामा र उसकी साथीहरुले बुद्धको महाकरुणालाई सम्झेर मैत्री चित्त राखि शान्त व्यहार प्रदर्शन गरिरहे।

एकदिन मागन्धीले इर्ष्याले उन्मत्त भएर राजालाई टाढा वनमा लिएर गइन। आफ्ना काकाको सहयोग लिएर श्यामाको राजदरवारमा आगो लगाइदियो। श्यामा र उसका पाँचसय साथीहरू अग्नीले भष्म भएर मरे। निर्दोष श्यामावती र उसका साथीहरूको अकाल मृत्यु भएकोमा राजा साह्रै दुःखी भए। राजाले सबै षडयन्त्र गर्ने मागन्धी नै हो भन्ने थाहा पाए। मागन्धी र षडयन्त्रमा साथ दिने उसका सबै आफन्तहरूलाई कराइमा तताएको तेलमा डुबाएर प्राण हरण गरिदिए। यसरी मागन्धीले पनि आफ्नो खराब कामको प्रतिफल भोगिन्।

एकदिन जेतवन विहारमा श्रद्धामयी श्यामावतीका बारे कुरा चल्दा बुद्धले भन्नुभयो। "श्यामावती मैत्री विहारिणी उपासिकाहरूमध्ये सर्वश्रेष्ठ हुन्। तथापि उनको अकाल मृत्यु हुनु उसको पूर्वजन्मको कर्मफल हो।" ●


# हार्दिक निमन्त्रणा

श्रद्धेय भन्ते कुमारकाश्यप महास्थविर लगायत अन्य भन्तेहरूको वर्षा सम्पन्न भएको उपलक्षयमा भिक्षु संघलाई कथिन चिवर दान प्रदान गर्न लागेको हुनाले सकल भन्ते, अनागारिका तथा श्रद्धालु उपासक उपासिकाहरूलाई पुण्य सन्चयको लागि निमन्त्रणा गरिन्छ।

मितिः– कार्तिक २२ गते

स्थानः– आन्नदकुटी विहार, स्वयम्भू

# पालि भाषा

■ भिक्षु पियदस्सी

पालि भन्ने शब्द मूल समयमा त्रिपिटक धर्म चिनाउनेको लागि प्रयोग भएको थियो । विशुद्धिमार्ग कम्मट्ठानगहण निद्देसमा चर्या विभाग दर्शाउने ठाउँमा **सब्बाकारेन नेव पलियं**, न अट्ठकथायं आगतं, सबै कारणले पालि र अट्ठकथामा नआएको भनी भनिएको छ । यस ठाउँमा पालि भन्ने शब्दले (अहिले व्यवहार गरिने भाषा होइन) त्रिपिटक देशना भनी बुझाउछ । विशुद्धिमार्गमा नै खन्धनिद्देसमा "**इमानि ताव पालियं आगतरूपानेव अट्ठकायायम्पन बलरूपं......**" भन्ने ठाउँमा पनि पालि शब्द त्रिपिटक धर्मको लागि नै प्रयोग गरिएको छ । महावंशमा ३६ औं परिच्छेदमा आचार्य बुद्धघोषको बारेमा उल्लेखित ठाउँमा उहाँलाई आचार्य रेवत महाथेरद्वारा "पालि मात्र यहाँ ल्याइएको थियो अट्ठकथा यहाँ छैन" भनिएको छ । यस ठाउँमा पनि पालि शब्द प्रयोग गरिएको मात्र त्रिपिटक धर्मको लागि हो । भाषाको लागि पालि शब्द प्रयोग भएको धेरै समय भएको छैन । बाह्रै शताब्दिमा लेखिएको रसवाहिनी ग्रन्थमा **हिताय परिवत्तेसि पजाय पालि भासते** अर्थात् प्रजाको हितको लागि पालि भाषामा परिवर्तन गरें । यस भन्दा अगाडि पालि शब्दलाई भाषाको रुपमा लिएको पाइँदैन । अट्ठकथाहरूमा धेरै ठाउँमा यसको लागि मागधि भाषा भनी उल्लेखित भएको पाइँन्छ ।



आचार्य बुद्धघोषको चारैवटा संगि अट्ठकथा आरम्भ मानै यसरी भनिएको छ ।

**"अपनेत्वान ततोहं सीहलभासं मनोरमं भासं**
**तन्तिनयानुच्छविकं आरोपेन्तो विगतदोसं"**

यहाँ पालि भाषामा परिवर्तन गर्छु भनिएको छैन । यसरी आचार्य बुद्धघोष त्यसलाई पालि भाषा नभनी त्रिपिटक क्रमलाई मिल्ने भाषा भनिएको छ । पालि भाषा भन्ने शब्दको पर्यायवाची तन्तिभाषा भन्ने वचन पनि उहाँले उल्लेखत गर्नु भएन । तर अन्य आचार्यको कृति धम्मपदट्ठकथाको आरम्भमा

- "तं भासं अतिवित्थारगतं च वचनक्कमं
पहायारोपयित्वान तन्तिभासं मनोरमं"

अधिक विस्तरात्मक वचन प्रयोग नगरी मनोज्ञ तन्तिभाषामा परिवर्तन गर्छु । यहाँ पालि भाषालाई तन्तिभाषा भनी उल्लेखित गरिएको छ ।

अट्ठकथाचार्यहरूको मत अनुसार त्रिपिटक लेखिएको भाषा मागधी (मगध देशमा बोल्ने भाषा) हो । विशुद्धिमार्गको १४ औं परिच्छेदमा निरूत्तिपटिसम्भिदा व्याख्या गर्ने ठाउमा **"मागधिकाय सब्बसत्तानं मूलभासाय"** मनुष्यवर्गको मूल भाषा भएको मागधभाषामा भनिएको छ ।

यहाँ हामीलाई एक प्रकारको प्रश्न उठ्छ कि के मागधभाषा लोकवासीहरूको मूल भाषा हुनसक्छ ? अर्थकथाचार्यहरूले यो यसरी स्वीकार्नुभयो, विभङ्ग अट्ठकथाको पतिसम्भिदावण्णनामा (२७२ पेज) यसरी भनिएको छ । आमा बुबाहरूले स-साना बच्चाहरूलाई खेलाइ खुलाई विभिन्न कुराहरू गर्छन् । स-साना बच्चाहरूले पनि उनीहरूको बचन सुनेर भाषा सिक्छन् । यदि आमाबुवा दुवैको बचन नसुनेको भए त्यस बालकले स्वयम् आफैले मगध भाषा बेल्ने छ । यो कति हदसम्म सत्य हो होइन भनी विचार गर्नु जरुरी छ ।

मागध शब्दले नै यो एउटा प्रदेशसँग सम्बन्ध भएको बुझिन्छ । यसरी कुनै प्रादेशीय भाषालाई सबैको मूलभाषा भनेर कसरी भन्ने ? बुद्ध समयमा मात्र जम्बुदीपमा एक सय भन्दा बढी भाषा भएको आचार्य बुद्धघोष भन्नुहुन्छ । **(देसभासा नाम एकसतवोहार कुसलता** ) मागधी पनि यिनीहरू मध्ये एउटा भाषा हो । प्रज्ञाविद् गयिगर भन्नुहुन्छ मागधि भाषा देशवासीले बोल्ने साधारण भाषा हो । यस भनाईलाई भने केही हदसम्म स्वीकार्न सकिन्छ ।

"अनुजानामि भिक्खवे सकाय निरूत्तिया बुद्ध वचनं परियापुणितुं" (भिक्षुहरू आफ्नै भाषाले बुद्ध वचन सिक्ने नियम गर्छु) भनी विनय पिटकको चुल्ल वग्गपालि खुद्दकवत्थु खन्धकमा उल्लेख भएको छ । **सकाय निरूत्तिया नाम सम्मासम्बुद्धेन वुत्तप्पकारो मागधिको वोहारो** (सकाय निरूत्तिय भनेको मागधी भाषा हो भनी आचार्य बुद्धघोषले अट्ठकथामा उल्लेखित गरेको छ । बुद्ध मगध देशमा जन्मनु भएको होइन । उहाँ जन्मनु भएको शाक्य जनपद कोसल राज्यमा पर्छ । सुत्त निपातको पब्बज्ज सुत्तमा यसरी उल्लेख भएको छ ।

"उजु जनपदो राज हिमवन्तस्स पस्सतो

धनविरियेन सम्मन्नो, कोसलेसुनिकेतिनो
आदिच्चा नाम गोत्तेन साकिया नाम जातिया
तम्हा कुला कुला पब्बजितोम्हि राज न कामे अभिपत्थयं"

महाराज यो हिमाल पर्वत मुनि धन र बलले युक्त एउटा जनपद छ । त्यहाँ कोसल जनपद बासीहरू अन्तर्गत आदिच्च गोत्र र शाक्य जाति भएको मानिसहरू बस्छन् । महाराज म कामसम्पति छोडेर त्यस कुलबाट प्रबजित भए) यसरी सिद्धार्थ कुमारले मगध राजालाई भनेको हो । यदि सिद्धार्थ कुमार मगध देशको हो भने राजालाई म तपाइकै देशवासी हो भनी सजिलै आफ्नो परिचय दिन सक्थ्ये । यसले के थाहा पाउन सकिन्छ भने बुद्धले आफ्नो भाषा मागध होइन कोशल भाषा हुनुपर्छ । पालि महाशब्दकोष सम्पादन गर्नुहुने रिस् डेविड्स् भन्नुहुन्छ पालि कोशल राज्यमा व्यवहार गर्ने राज्यभाषा थियो । यो भनाईलाई पनि हामीले केही मात्र स्वीकार्न सकिन्छ । इतिहासको पाना पल्टाएर हेर्ने हो भने शाक्य जनपद कहिले पनि मगध देशको अधिनमा रहेको छैन ।

सकाय निरूत्तिया आफ्नो निरूत्तिय नै मागध भाषा हो भनी आचार्य बुद्धघोषले उल्लेखित गरिएको भनी माथि भनिएका छ । त्यस ठाउँमा उहाँले यसरी भनिएको कतिसम्म मिल्दो रहेछ छलफल गरी हेरौं । ब्राम्हण वंशीक यमेलु तेकुल भन्ने दैइ दाजुभाइ बुद्ध शासनमा प्रवजित भयो । उनीहरू शब्द शास्त्रमा र वाक्य रचनामा धेरै नै दक्ष थियो । एकदिन तिनीहरू दुवैजना भगवान बुद्धकहाँ गएर वन्दना गरी एक ठाउँमा बसेर यसो भन्यो - भन्ते अहिले विभिन्न प्रकारका नाम भएको, गोत्र भएको, जाति भएको, भिन्न भिन्नै कुलहरूबाट आई प्रवजित भएर आ-आफ्नो भाषामा बुद्ध वचन बिगार्छन् । त्यसैले भन्ते हामीले बुद्ध वचनलाई छन्द भाषामा परिवर्तन गरौ भनी सोध्नुभयो । बुद्धले उनीहरूलाई गर्हा गर्नुभयो । तिमीहरूले के कारणले यसो भनेको ? भिक्षुहरू बुद्ध वचन छन्द अथवा वैदिक भाषामा परिवर्तन नगर्नु जसले परिवर्तन गर्छ उसलाई दुक्कतापत्ति हुन्छ । भिक्षुहरू स्वकिय भाषाले नै बुद्धवचन सिक्नको लागि अनुमति दिन्छु भनी उहाँले भन्नुभयो ।

यहाँ स्वकिय भाषा भन्नाले कुनै एक भाषालाई भनिएको होइन । कुनै पनि भिक्षुले आ-आफ्नो भाषाले बुद्ध वचन जान्न सकिन्छ । बुद्धको धारणा अनुसार बुद्ध वचन वेद ग्रन्थ जस्तै कुनै पनि परिषद्लाई मात्र सिमित नगर्नु हो । तैपनि अट्ठकथाचार्यले स्वकीय भाषा भन्नाले मगध भाषा भनी निश्चय गरेको छ । मागधि भाषा भगवान बुद्धको पनि आफ्नै भाषा होइन भनी हामीले बुझिसकें । अर्को एउटा उदाहरणको रूपमा मज्झिम निकाय, धम्मचेतिय सुत्र लिन सकिन्छ । यस सुत्र अनुसार **"पुन च परं भन्ते, भगवापि खत्तियो, अहम्पि खत्तियो, भगवापि कोसलको, अहम्पि कोसलको भगवापि आसीतिको अहम्पि आसीतिको** फेरी पनि भन्ते भगवान् पनि क्षत्रिय म पनि क्षत्रिय भगवान् पनि कोशलवासी म पनि कोसलवासी भगवान् पनि अस्सी वर्ष म पनि अस्सीवर्ष यसरी प्रसेनजित कोसल राजाले भगवान बुद्धलाई भनेको हो । (...विनय पिटक चुल्ल वग्ग पालि..)

त्रिपिटक पालिमा नै बुद्ध मगधवासी होइन भनिए तापनि अट्ठकथाचार्यहरूले भन्दैमा त्यसलाई हामीले आँखा चिम्लेर स्वीकार्नु जरूरी छैन । बुद्धले सर्वप्रथम मगधमा धर्म प्रचार गर्नुभएको भन्दैमा उहाँलाई मागधवासी भन्न मिल्दैन ।

संसारकै मूल भाषा खोज्नु भनेकै लोकान्त खोज्नु झैं गर्न नसक्ने निश्फल क्रिया हो । त्यसमा पनि मागध भाषालाई मूल भाषा भन्नु स्वीकार्न नसक्ने हुन्छ । तैपनि एउटा कुरा के थाहा पाउन सकिन्छ भने मागधि भाषा त्यस समयमा अहिले इङ्गिलस भाषा झै देशव्यापि भाषा हुनुपर्छ । त्यसैले त बुद्धले पनि सबैले बुझ्ने भाषाले नै यसलाई ग्रहन गर्नु भनिएको हो । यथापि यसो नभएको भए पहिले भाषा सिकेर अनि मात्र बुद्ध वचनलाई बुझ्ने र सिक्ने हुन्छ । ●





**धनकुटा मारेक कतहरेको पहिलो साहित्यिक पत्रिका "मातृभूमिको मायाँ" मासिक खोजी खोजी पढ्नु होस् ।**

# गुरुको रुपमा भगवान बुद्ध

■ भिक्षु जनक

भनिन्छ, संसार नै एक पाठशाला हो, जहाँ प्रत्येक क्षणमा सिकाउने र सिक्ने क्रम चलिराखेको हुन्छ । त्यसैले हामी कसैका लागि गुरु हौं भने कसैका लागि चेला । त्यसैले त भगवान बुद्धले आमाबुबा भनेका पूर्वआचार्य हुन् भनी भन्नुभएको हो । जब अभिभावक कुशल गुरु भई आफ्ना छोराछोरीलाई सही मार्गमा लगाउन सक्दैन । तब त्यहाँ अभिभावक स्वयम् आफैले पनि दुख भोग गर्ने गर्दछ । त्यसैले यस संसारमा भएका सम्पूर्ण प्राणी गुरु हुन् भने उनीहरू चेला पनि हुन् । एक कर्तव्यनिष्ठ गुरु कसरी हुन सकिन्छ ? त्यसको विषयमा जान्नु र बुझ्नु अतिआवश्यक छ ।

गुरु भन्ने शब्द गु र रु मिली भनेको हो । यसको शाब्दिक अर्थ भनकै गु भनेको अन्धकार र रु भनेको हटाउनु । त्यसैले अन्धकारलाई हटाउने व्यक्तिलाई नै गुरु भन्न सक्छौं।

भगवान बुद्धलाई यस्तो स्थानमा राखिन्छ, जुन स्थानमा गुरु र प्रोफेसर आदि जो शैक्षिक विज्ञानमा पोख्त भएका, शैक्षिक क्रियाकलापमा निपूर्ण भएका र शैक्षिक मनोविज्ञानका ज्ञाता हुनुभएकाहरूका पनि अनुकरणी व्यक्तिको रुपमा राखिन्छ । बौद्धहरुले त अझ भगवान बुद्धलाई तिलोक गुरु अर्थात् तीन वटा लोकका गुरुका रुपमा पुकार्ने गरिन्छ । उनका असंख्य चेलाहरूको शरण, गुरुत्व र सम्मान उनलाई ओइरो लागिसकेका छन् र अझै पनि यो क्रम जारी नै रहेको छ । जुन गुरुत्व हालसम्म कुनै पनि गुरुले पाउन सकेको छैन ।

शुरुका अवस्थामा त उनका जम्मा ५ जना चेलाहरू मात्र थिए । तर उहाँको अन्तिम दिन यानी महापरिनिर्वाणसम्ममा लाखौ करोडौ मानिसहरू जुन भारतका विभिन्न शहरमा बसोबास गर्नेहरू थिए, उनका चेलाचेलीका रुपमा परिवर्तन भइसकेका थिए । सारा मानव इतिहास मै केवल यस्ता एक जना मात्र गुरु, एक जना वक्ता थिए जसको एउटा प्रवचन, एउटा सुझाव र एउटा शिक्षाले गर्दा थुप्रै चेलाहरु बने । तिनी थिए भगवान बुद्ध ।

भगवान बुद्धको प्रवचन सुनी अन्य धर्मावलम्बी तथा मतावलम्बीका गुरुहरू समेत प्रभावित भई उनीहरूका चेलाहरुसहित भगवान बुद्धको शरणमा आएका थुप्रै घटनाहरु हामी त्रिपिटक ग्रन्थमा अध्ययन गर्न पाउँछौं । अनि जो आफ्नो चेलाहरू गुमाउने गुरुहरू थिए, तिनीहरूले भगवान बुद्धलाई जादुगर वा मोहनी लगाउन जान्ने व्यक्तिको रुपमा निन्दा गर्ने गर्दथे । यही कुरालाई सुनी त्यस ताका एक प्रशिद्ध राजा भद्दीय जुन लिच्छवी वंशका थिए उनले भगवान बुद्धलाई सोधेका थिए कि " के यो सत्य हो कि तपाई जादुगर जानुहुन्छ, तपाईले मोहनी लगाउनु हुन्छ, ताकि तिनीहरू तपाईको शरणमा आउन् ?" तब भगवान बुद्धले त्यसको जवाफस्वरुप भन्नुभएको थियो कि "महाराज भद्दीय, कुनै पनि कुरा सुनेको भरमा स्वीकार्ने नगर्नुस्, ठूला गुरुहरूले भनेको भन्दैमा, धर्मग्रन्थमा उल्लेख छ भन्दैमा त्यसलाई स्वीकार्नै गर्नुपर्दछ भन्ने छैन । तपाईले सुनेका कुरालाई चिन्तनमनन गर्नुहोस्, भाविता गर्नुहोस् कति सम्म सही छ ? र तपाईको अनुभवको कसीमा घोट्नुस् र यसरी अनुसन्धान गरेर गलत सावित हुन्छ भने त्यसलाई नस्वीकार्नुहोस् चाहे त्यो मैले नै किन नभनेको हुन् ।" यसलाई त्रिपिटक ग्रन्थको अंगुत्तर निकायमा यसरी उल्लेख गरिएको छ ।

**सुत्तमं मेतम भन्ते मायावी समनो गोतमो अवत्तनी मायम जानाति । सो अन्न तिट्ठयानम सावके आवत्तेति ती एथ तुम्हे भद्दीय मा परम्पराया मा इतिकिराय अत्तना च जानेटयाथ ।**

त्यसैले पनि हामी भन्न सक्छौ उहाँले हामीलाई सही मार्ग र कुलत मार्ग छुट्याएर देखाउनुभएको छ । रोजाई हाम्रो आफ्नै हो । उहाँ कहिल्यै पनि कसैलाई पनि आफ्नो चेला वा चेली बन्नका लागि बाध्यमा पार्नुहुन्न थियो । यसैले पनि हामी भन्न सक्छौं कि भगवान बुद्धका चेलाहरू आफ्नो व्यक्तिगत स्वतन्त्रतालाई उपभोग गर्दै उनका चेलाहरु भएका हुन् । उनका चेलाहरुको लक्षण र गुणदेखि अन्य धर्मावलम्बी गुरुहरूको मनमा ईर्ष्या उत्पन्न हुने गर्दथ्यो । शिक्षण क्षेत्रमा चेलाहरूको काम भनेको सुन्ने मात्र हो, त्यसैले त्यसताका चेलाहरूलाई श्रावक भन्ने गर्दथे र बुद्धका चेलाहरूलाई बुद्धश्रावक भन्ने गर्दथे । बुद्ध सबै चेला र चेलीप्रति समानता भावले हेर्ने गर्नुहुन्थ्यो । उनले कहिल्यै पनि आफ्नो चेलाहरूलाई पिट्ने त परकै कुरा हो नराम्ररी गाली समेत गर्नुहुन्न थियो ।

गहनभन्दा गहन उपदेशहरू दिई आफ्नो पाण्डित्य देखाउनुभन्दा प्रत्येक चेलाले आफ्नो उपदेश बुझोस् भन्ने उद्देश्यले सरल भन्दा सरल भाषामा उनले उपदेश गर्ने गर्दथे । उपदेश गर्ने क्रममा उपदेश सुन्ने व्यक्तिको मनोवृत्ति, विचारधारा, उसको व्यवहार, बोल्ने शैली आदि जस्ता सबै कुराहरूको ध्यान राखी उसले बुझ्ने आधारमा धर्म बुझाउने गर्नुहुन्थ्यो । जुन शिक्षण शैली हालको समयमा आएर निकै प्रचार हुन गएको हामीले थाहाँ पाउन सक्छौं । बुद्धकालमा आफु बुद्धभन्दा शिक्षित र ज्ञानी भएको भन्ने दाबी गर्ने थुप्रैलाई भगवान बुद्धले आफ्नो उपदेश गरी यर्थाथ अवबोध गराउनु भई उनीहरूलाई पनि आफ्नो चेला बनाउनुहुन्थ्यो ।

भगवान बुद्धमा अन्य व्यक्तिको मनोभावना जान्ने ज्ञान र पूर्व जन्मका कुराहरू थाहाँ पाउने ज्ञान समेत थियो जुन ज्ञानलाई परचित्त विजानान पुब्बेनिवासानुस्सति भनिन्छ । कुनै पनि व्यक्ति उहाँका साक्षात्कारका निम्ति आउादा त्यस व्यक्तिको मनोविज्ञान, उसको विचारधारा आदि जस्ता कुरा उहाँले सजिलै ठम्याउन सक्नुहुन्थ्यो । साथै उनका पूर्व जीवनका यावत कुराहरू पनि उनले मज्जाले बताउन सक्नुहुन्थ्यो ।

भगवान बुद्धले सबैभन्दा दिने सजाय आफ्नो चेलाहरुको निम्ति भनेको ब्रह्म दण्ड थियो । ब्रह्म दण्ड भन्नाले आर्य दण्ड भन्ने बुझिन्छ । यो सजाय जसले पाउछ, त्यस व्यक्तिलाई उसका साथीसंगी, गुरु आचार्य आदि कसैले पनि उसाग बोल्ने गर्दैन र यस सजायलाई उनका चेलाचेलीहरूले मृत्युदण्डभन्दा पनि ठूलो सजायको रुपमा लिने गर्दथे । उनले आफ्ना चेलाहरूलाई गाली गर्ने सबैभन्दा नराम्रो शब्द भनेकै मोघपुरुष हो । जसको अर्थ हुन्छ, बेहोसी मान्छे ।

भिक्षु छन्दकलाई ब्रह्मदण्ड सजाय दिइएको थियो । भिक्षु छन्दक

त्यही व्यक्ति हो, जो सिद्धार्थ कुमार जन्मे कै दिनमा जन्मेको हो र उ सिद्धार्थ राजकुमारको सारथी पनि थिए । सिद्धार्थ कुमार महाभिनिष्क्रमण गर्नुहुँदा यही छन्दक भन्ने सारथीको सहायता लिनुभएको थियो । त्यत्ति मात्र नभई सिद्धार्थ राजकुमारको बाल्यकालदेखिको साथी पनि यही व्यक्ति थिए । त्यही भएको हुनाले पछि उनी बुद्ध शासनमा प्रव्रजित भए तापनि आफु भगवान बुद्धको बाल्यकाल देखिको साथी भन्ने हिसाबमा आफुभन्दा जेष्ठ भिक्षुहरूलाई त्यत्ति आदर गर्दैन थियो । र उसको घमण्ड तोड्नका लागि भगवान बुद्धले उनलाई यही ब्रह्म दण्ड दिनुभएको थियो ।

उनको शिक्षा दिने विशेषताहरू भनेकै विभिन्न उपमाहरू, उदाहरणहरू, घटनाहरु आदि ल्याई आफुले दिन खोजेको शिक्षालाई अझ स्पष्ट पार्नु हो । यसका केही उदाहरणहरू हामीले यहाँबाट पनि लिन सक्छौं ।

चक्कं व वहतो पदं अर्थात् गाडाका पांग्राले गोरुको पिछा गरे झै
छाया व अनपायिनी अर्थात् हाम्रो शरीरसागै छाया पछाडि आए झै
अब्भमुत्तो व चन्दिमा अर्थात् बादलबाट छुटेको चन्द्रमा झै
वातो रुक्खं व दुब्बलं अर्थात् बुढो रुखलाई बतासले धाले झै
दब्बी सूप रसं यथा अर्थात् डाडुले तरकारीको स्वाद थाहाँ नपाए झै

बुद्धको शिक्षा यसरी उदाहरण नै उदाहरणले भरिएको हुन्छ । यत्ति मात्र होइन उहाँ कुनै पनि कुरा बुझाउनका लागि विभिन्न कथाहरू जुन अगाडिका जन्मका नै किन नहोस् ती कथाहरू भनी उहाँले आफ्नो उपदेशको सार आफ्ना चेलाचलीहरूलाई बुझाउनका निम्ति प्रयोग गर्नुहुन्थ्यो ।

भगवान बुद्धले अक्सर गरेर आफ्ना चेलाहरूलाई केवल आफुले मात्र उपदेश नगरी आफ्ना चेलाहरूले नै प्रश्न गरेर उपदेश गर्ने गर्नुहुन्थ्यो । उनीहरूको समस्यालाई बुझी उनीहरूको चरित्र र उनीहरूको भावनालाई सम्मान गर्दै उहाँले उपदेश गर्ने गर्नुहुन्थ्यो । बुद्धकालिन अवस्थामा एउटा गन्धकुटी भनी छुट्याएर राख्ने गर्दथ्यो । त्यस स्थल भिक्षुहरू संध्याकालमा उनीहरूले दिनभरिमा देखेका, सुनेका अनेक कुराहरूको बारेमा छलफल गरिराख्ने गर्दथे । त्यसपछि भगवान बुद्ध आउनु भई भिक्षुहरूको बीचमा एउटा ठूलो आसन राखिएको हुन्थ्यो र त्यस स्थल बस्नु भई यसरी भन्नुहुन्थ्यो **"कायनुत्थ भिक्खव इतरहि कथाया सन्नीसीन्नाति** ? अर्थात् म यहाँ आउनभन्दा अगाडि तिमीहरू के का विषयमा चर्चा गरिराखेका थियौ ? तब एक जना भिक्षु उठेर प्रार्थना गर्छन् कि हामी यस यस विषयमा चर्चा गरिराखेका थियौं । अनि भगवान बुद्धले त्यस विषयसाग सम्बन्धित अनेक कुराहरू अगाडि सार्नुभई स्पष्टीकरण दिनुभई उहाँ आफ्नो चेलाहरूलाई अनेक कुराहरु सम्झाउने बुझाउने गर्नुहुन्थ्यो ।

उहाँको शिक्षणशैली पनि अन्य गुरुहरूभन्दा धेरै फरक थियो । उहाँ केवल शिक्षा लागि मात्र नभई त्यसलाई राम्रैसाग भाविता गर्नका लागि केवल परम्परागत शिक्षण शैलीलाई मात्र अनुकरण नगरी उहाँले शिक्षा हरेक क्षेत्र, स्थानमा शिक्षा दिने गर्नुहुन्थ्यो । उहाँले धेरैजसो शिक्षा आफ्ना चेला भिक्षुहरूलाई खुल्ला आकाशमा नै दिनुभयो । बुद्धको कक्षा कोठा अक्सर गरेर सार्वजनिक बगैचा, मसान, गुफा, रुखको छायाँ, खेतबारी, खाली जग्गा, पुरानो घर, सार्वजनिक बाटो र जंगल आदि थिए । त्यही वातावरणसाग नै सम्बन्धित भई उहाँले उपदेश गर्नुहुन्थ्यो । आँखाको अगाडि देखा पर्न आएका विभिन्न चीजवस्तु उदाहरण दिनुभई उहाँले उपदेश गर्नुहुन्थ्यो ।

भगवान बुद्धले यसरी वैज्ञानिक तरिकाले सिकाउनु हुन्थ्यो कि चेलाहरूले मज्जाले ज्ञान प्राप्त गर्न सकोस् । जसरी उहाँले पानीले खुट्टा पखाल्दा विभिन्न बाटो भई पानी गई अन्तमा सुकेर गएको उदाहरणलाई उहााले धर्म देशनाको विषय बनाउनु भएको छ । यसरी उहाँले जस्तो आँखाले देख्नुहन्छ, त्यसकै आधारमा उपदेश गर्नुहुन्थ्यो ।

यसकै एउटा उदाहरण यहाँ प्रस्तुत गर्न चाहन्छु एक फेर जति पढे पनि एउटा गाथा पनि कण्ठ गर्न नसक्ने चुल पन्थक भिक्षु निराश भई भिक्षु जीवन नै त्याग गर्ने मनसाय बोकेकालाई उहाँले एउटा सेतो कपडा दिनुभई त्यसलाई दुवै हातले रकडेर सूर्यलाई हेरी रजो हरणं, रजो हरणं अर्थात् कालो नहोसु, कालो नहोस् भनी बारम्बार दोहोयाउन लगाउनुभई त्यस भिक्षुलाई मनोवैज्ञानिक रुपमा उपचार गर्नुभयो ।

भगवान बुद्ध जब खेतमा जानुहुन्थ्यो त्यहाँ घाँस, आली आदिको उदाहरण दिनुभई हाम्रो मनको घाँस भनेको विभिन्न क्लेशहरू हुन् भनी उपदेश गर्नुहुन्थ्यो भने उहाँ जब नदीमा पुग्नुहुन्थ्यो त्यहाँ हामीले जसरी मैलोलाई फाल्न नुहाउछौं । त्यस्तै गरी मनको मैलो नुहाएर मात्र हुादैन भनी उपदेश गर्नुहुन्थ्यो । जब उहाँ जंगलमा जानुहुन्थ्यो त्यहाा भएका झारपात भनेका क्लेश हुन् भनी उपदेश गर्नुहुन्थ्यो भने मसानघाटमा जानुहुादा सिनोलाई देखाई तिमीहरू पनि त्यस अवस्थामा पुग्नेछौं । त्यसैले राम्रो काम सक्दो धेरै गर्नुपर्छ भनी उदाहरण दिनुभई उपदेश गर्ने गर्नुहुन्थ्यो ।

यससँग नै सम्बन्धित भई एउटा उदाहरण हेरौं, एक फेर बुद्धकालीन समयमा एक जना सिरिमा भन्ने एकदमै नामुद नगरबधु थिए । आजकालको भाषामा भन्नुपर्दा बेश्या थिइन् । भनिन्छ कि उनी यत्ति सुन्दरी थिइन कि उनलाई पाउनका लागि झन्डै युद्ध समेत भएको थियो । त्यस्ता नामुद, अत्यन्त सुन्दरी वेश्याको देहान्त भएको कुरा भगवान बुद्धको कानमा आइपर्यो । उनले कोशल राजालाई सिरिमाको शवलाई चार दिनसम्म मसान अन्तिम संस्कार नगरी अन्य जनावरबाट बचाइराख्न भन्नुभयो । राजा कोशलले त्यस्तै गरे । चारदिनपछि सारा नगरबासी भेला गराई सिरिमाको त्यस शवमाथि भगवान बुद्धको निर्देशनमा राजा कोशलले लिलाम गर्नु लगाउनुभयो । सिरिमा वेश्याको एक रातका लागि हजार सुवर्ण कार्षापण लिने गरिन्थ्यो । त्यही रकममा लिलाम गर्न लगाइयो तर त्यहाँ त्यस शव किन्नेकोही पनि निस्केनन् । त्यसरी किन्ने कोही पनि ननिस्के पछि त्यसको पाँच सय रकममा घटाइयो । तर पनि किन्ने कोही पनि निस्केन यसरी गर्दागर्दै १ कार्षापणसम्म घटाइयो तर पनि किन्ने कोही पनि निस्केन । त्यसपछि त्यस शव निशुल्कमा दिने भयो तर पनि आफ्नो घरमा लाने कोही पनि आएनन् । अनि भगवान बुद्धले त्यस परिषदलाई प्रवचन गर्नुभयो कि सुन्दरता कति अनित्य हुन्छ, यो नाशवान हुन्छ । यो हाम्रो शरीरमा जसमा हामी आशक्ति उत्पन्न गरिराखेका छौं । त्यसको वास्तविक स्वभाव कस्तो छ भन्ने कुरा उहाँले जिउादो उदाहरणसहित देखाउनुभयो । यसरी उहाँले कुनै पनि कुरा बुझाउनका लागि विभिन्न विधिहरू प्रयोग गर्नुहुन्थ्यो । ताकि त्यसले गर्दा बुझाउन खोजेको कुरा आफैले महसुस गरुन् । ●

# Buddhism : My faith

- Sushil Manandhar, Chhetrapati



It's 2552 years that lord Buddha left his precious and espensive wealth of true ideas and kwowledge to get relief from pain, misries and of course the common word 'Dukkha'. Dukkha is hiding in every corner of the world. All the living in organisms have to face and go through common path to suffer from ansciety, pain and surrow. Infact, it is the law of nature. The simple fact to satisfy is that a baby borns with a common saying ' I'm going to suffer'. It is not actually said but his/her cry immediately after birth ressembles this fact.

Buddha's realistic teaching will vanish as time crosses it's limit to 5,000 years as said by him. After that , world once again would fall on darknees and the pepole on earth have to wait for the safe path ie knoweledge of enlightment until the arrival of next Tathagata.

So, being supreme creature of planet, we shouldn't be foolish by wating the arrival of next Buddha to follow the path assured.We should regard ourselves fortunate that we are enrolled in Buddhism by of course doing good deeds in the past life.We shouldn't forget that if unfortunately we were in the other religion perhaps we wouldn't have any traces as drops of ideas on Dhamma but unknowingly we have a fales faith that we had done a lot in the name of Dhamma.

All the Buddhists know that getting human life is very difficult. Tathagata, had given lots of heart touching examples to make peaple know how much presecious life they have got.One of the best example proves it describing the incident of turtle in a ocean .An old tustle is deeply inside the ocean and had a rare chances of coming on the surfface of water.Similarly, an wooden bosc with a hole in its middle is floating on the ocean in its owth path.It must be a rare case when turtle coming on the surface and wooden bosc not only come closes bed the turtte had a wooden bosc gone on its neck. But Tathagata had told that getting human life is much more rarer than the incident of turtle.

By this,we can broden our mind thinking how much precious life we have got. So we shouldn't waste it. As we all know Dhamma is vanishing day by day.Majority of people are in faith and belief and exploiting whether their religion is true or false. We all should know that Dhamma doesn't discriminate for rich and poor. Just like if we knowingly or unknowingly put our hands on fire, it hurts. similarly, the law of Dhamma applies for all. Infact, all the Buddhists should know the exact meaning of Dhamma as said by lord.

**Sabba papassa Akaranam**
**Kusalassa Upasampada**
**Sachitta Pariyodapanam**
**Yetam Buddana Sasanam**
**Not to do evil ?**
**To purify one's mint**
**To cultivate merit ,**
**To purify one's mint**
**This is the Teaching of Buddhas**

So , being in this religion we should not just remember what Dhamma is but we should try to make habit of persuing it in our daliy life so that we can be conifident that we have lived successsfull life. Successfull not in a sense of earning wealth but in a sense of satisfying the inner core of mind which infact makes a exact sense of living wounderful and praise worthy life. ●

## MY HAPPINESS IS NOT FOR ME

Rabindra Bdr.Shahi
Maitri School

ब्क क्षु लयत तजभ नषत या लबतगचभ
द्यगत तजभचभ बचभ कयफभ
त्य उचबष्कभ तजभ्र ष्क तय कष्लन
७ कयलन या उचबष्कभ या ७थ ७यफ
: मयलुत धबलत ७थ षिभ तय दभ
जबउउथ
त्य मय कयफभतजष्लन ष्क उचबष्कभ या ७थ
ाकषथि
:थ जबउउष्लभकक मयलुत धबलत तय
कतबथ धष्तज ७भ
ब्क : अबल कबथ ७थ जबउउष्लभकक ष्क
लयत ायच ७भ
एचयअभकक धबक नयष्लन यल
कष्लअभ ७थ यिचम भिात ७भ
ब्क ७थ ाष्चकत बष्ठ अक्रभ ष्ल अचबकजष्ल
जभचभ दभकभत बचयकभ
ब्क ७थ जबउउष्लभकक लभखभच चभतगचलभम तय ७भ
ल य ध
क्भभमक या कबम चभ्रबष्ल तय ७भ
ब्क : मयलुत जबखभ बलथतजष्लन तय कभभ
ल्य ७बततभच : दभअक्रभ ७ यिलभच
द्यगत : धर्षि लभखभच दभ ७ तचबष्तयच
ब्क ७थ जबउउष्लभकक मयलुत धबलत तय कतबथ
धष्तज ७भ
त्जभचभ ष्क लयतजष्लन तय चयर्ाि मयधल तभबचक
ब्क ७थ जबउउष्लभकक ष्क लयत ायच ७भ
ब्क ७थ जबउउष्लभकक ष्क लयत ायच ७भ`

# जीवन नै संसार

■ श्याम श्रेष्ठ

हामीले दैनिक जीवनमा विभिन्न माध्यमहरूबाट सुनेका छौं कि मानिसहरूले विभिन्न विधाहरूमा वर्षौ लगाएर विभिन्न उद्देश्यहरू प्राप्त गरेका खबरहरू । गीत संगीत, कला दर्शन, साँस्कृति - संस्कार, रुप - रंग, लोभ - लालच, पाप - पुण्य, साहित्य आदि संसारिक तत्वहरू हुन् र हाम्रो जीवनभन्दा भिन्न र अगल छन् जस्तो हामीलाई लाग्दछ । मानवले मानव जीवनयापन गर्नको निमित्त उल्लेखित विधामध्ये कुनै न कुनै विधालाई पकडिएर बसेका हुन्छन् । त्यसको लागि कुनै पनि कर्म गर्न चुकेका हाँदैनन् । वास्तवमा मानव स्वभावले यस्तो गर्नु, गराउन खोज्नुमा कुनै आश्चर्य मान्नु पर्ने देखिदैन किनकी जो जस्तो छ उसले त्यस्तै मात्र देख्दछ । भन्नुको अर्थ यो हो कि मानवले देख्ने रुप नै बाह्यरुप हो ।

संसारमा रहेका सम्पूर्ण प्राणीहरू आँखाले नदेखिने सुक्ष्मजीवदेखि लिएर संसारमा सबैभन्दा ठूला मानिने ह्वेलहरू आफ्नै गीत संगीत, कला दर्शन, सास्कृति – संस्कार आदिमा नरमाउने को हुन्छ र ? र धर्म सास्कृति नभएको प्राणी कुन हुन्छ र सबैको आ-आफ्नै किसिमको हुन्छ ।

वास्तवमा भन्ने हो भने कुनै पनि प्राणीहरू यी चीज वा तत्वहरूबाट मुक्त भएको हामी पाउँदैनौ । संसारमा निहित प्राणीहरूले यी सम्पूर्ण तत्वहरु जीवनभन्दा पृथक ठानेका हुन्छन्, उनीहरू बुझ्दैनन् कि सम्पूर्ण तत्वहरू आफ्नै जीवन( शरीरमा) निहित हुन्छन् तसर्थ उनीहरू बाहिर खोज्छन् र जीवन व्यर्थमा खेर फाल्छन् ।

तसर्थ गीत र संगीतको खोजी गर्न अन्त जानु जरुरी छैन । आफैमा खोजे भेटिन्छ, कला र दर्शनको सृजना गर्नु छ त आफैलाई सोधिए निर्माण हुन्छ । साँस्कृति र संस्कार आफैले बनाउने हो, रुप र रंग आफ्नो दृष्टिमा भर पर्दछ, लोभ लालच आफैले गर्छ, पाप र धर्म आफ्नै कर्मबाट हुन्छ तसर्थ संसारको निर्माण आफैबाट हुन्छ । यी कुराहरूको मनन सबैले गरेकै हो तर अभ्यास थोरैले मात्र गरेको देखिन्छ ।

तसर्थ प्राणीहरूमध्ये मानव एक विशिष्ट सर्वोकृष्ट प्राणी हो । उसले यी सम्प्रर्ण कुराहरू आफ्नै जीवनभित्र छ भन्ने कुराको निरन्तर खोजी तथा विश्लेषण गर्नुपर्दछ । जसको खोजी, अनुसन्धान तथा विश्लेषण बुद्धले आजभन्दा २६०० वर्ष अगाडि गरेका थिए । दुःखबाट मुक्त पाएर मुक्तिको मार्ग पहिल्याएका थिए । निर्वाण प्राप्त गरेका थिए र मानवबाट विश्वविख्यात महामानव बनेर शान्तिका अग्रदुत कहलिएका थिए ।

निष्कर्षमा भन्नुपर्दा हामी सबैले आफैलाई पुनः एक पटक सोध्नु नै पर्ने हुन्छ कि बुद्धभन्दा हामी पृथक छैनौ शारिरीक, मानसिक र वैज्ञानिक हिसाबले तर पनि हामी बुद्धभन्दा किन पृथक छौ र भयौ ? त्यसको जवाफ हामीले आफ्नो जीवनभित्र नै आफैले खोजी गर्नु जरुरी छ अन्त होइन । ●

## बुद्धको शान्ति शन्देस चिन्तन गरु

श्री प्रसाद उपाध्याय एस. पी. “आसा”

सपना कामलाग्दैन यथार्थ लोकमा बसी
वेदना छातीमा रोपी हाासिन्न खुशीले काछी

छानोयो घरको हाम्रो हुनुपर्दछ एउटै
विभिन्न जातको काठ खम्बाहरू भएपनि

मेची काली वगेकोछ पाखाबाट तराइमा
पाहाडीहरूनी रून्छन् तराइको दुःख पिरमा

रगत उम्लिइ आयो राष्ट्रको स्वाभिमानमा
रगतनवगोस् फेरी गोलीको आँधी वेरीमा

भाला चुप्पी चुलेशीले गर्नेछ राष्ट्रको कुरा
आजको सानु भाइमा भोली जवाफ के होला

मेचीमा घाउ लागेमा महाकाली रूनेगरोस्
नेपालीहरूको झण्डा चन्द्र सुर्य सरी रहोस्

सनातनीहरू हामी बौद्ध मार्गीहरू सबै
शन्देस बुद्धको शान्ति चिन्तन गरू है सबै

# World Hreitage Lumbini 1

■ Bhikkhu Vivekananda

Owing to its outstanding cultural and religious uniqueness the World Heritage Committee inscribed Lumbini, the birthplace of the Buddha, on the UNESCO World Heritage List in 1997. Since 2004 the World Heritage Committee has invited the State Party on several occasions "to take urgent action, possibly through assistance from the World Heritage Fund, towards the elaboration of a comprehensive Management Plan for the property, built around its Outstanding Universal Value and in line with the principles set out in the recently revised Operational Guidelines for the Implementation of the World Heritage Convention (paragraphs 96 – 119)[1]. Based on the successful implementation of an Integrated Management Framework for the Kathmandu Valley World Heritage Site in June 2007 the State Party (Department of Archaeology) in a letter written to the World Heritage Committee on February 01, 2008, committed itself to the preparation and implementation of an Integrated Management Plan for the WHS Lumbini. UNESCO Kathmandu hired Mr. Kai Weise as a consultant to facilitate the IMP for Lumbini. Owing to its outstanding cultural and religious uniqueness the WHS Lumbini deserves outstanding management and protection of its archaeology, religious and peaceful intangible value, and environment as well as efforts made towards the socio-economic development of the local population. Below please find a wide range of issues that is directly or indirectly threatening the Outstanding Universal Value of WHS Lumbini as well as other Historic Buddhist sites located in the Lumbini Development Area. To address the many issues an integrated planning for the Historic Buddhist Region is called for, which eventually could lead to a Serial World Heritage Nomination of other Historic Buddhist Sites[2],[3]. Information management, zoning, integrated management, socio-economic development, environment management, organization development, capacity building, and research are all standard tools at the hands of site managers of World Heritage Sites worldwide. Applying these tools to the Lumbini Development Area will be in the interest of all major stakeholders.

**1. Issues**

There is a host of issues that is related to the management and protection of WHS Lumbini, the Kenzo Tange Master Plan area, other ancient sites related to the life of the Buddha and the socio-economic development within the Lumbini Development Area. Some of the major ones are:

Contentious design of the new Maya Devi Temple; moss growth; conservation of marker stone; ground water level; poor ventilation and excessive humidity inside the temple; restoration techniques and methods[1]; in Sacred Garden finding balance between protection of archaeological remains and accommodating the needs of pilgrims and visitors, i.e. archaeology versus living religion[2]; absence of a clear plan for the Greater Sacred Garden[2]; lack of zoning laws and building guidelines for restricted zones and other zones; lack of enforcement of restricted zone of Lumbini Master Plan area[3]; hostile population and vandalism within Lumbini Master Plan area (4); illegal felling of trees, cattle grazing; serious pollution of environment especially in the industrial park between Bhairahawa and Lumbini; poor industry compliance with environment protection law; increase in visitors and pilgrims; increase of solid waste and lack of waste management;

**Reference:** 1. World Committee, Draft Decision 29 COM 7B.55, 2004

2. Stovel, H., Report of Mission to Lumbini, Nepal, to begin Preparation of the Integrated Management Plan (IMP) for the World Heritage Property, April 20-27, 2008, submitted May, 2008, p. 28

3. Weise, K., Lumbini, The Birthplace of Lord Buddha, Integrated Management Plan, Issues & Management Objectives, Kathmandu, August 2008

1. Atzori, A., Lumbini: Present Status and Future Challenges, UNESCO, Kathmandu, 2006, p. 86

2. Lumbini Institutions, A Buddhist Vision for the Lumbini Sacred Garden, Lumbini, 2006

3. Stovel, H., Report of Mission to Lumbini, Nepal, to begin Preparation of the Integrated Management Plan (IMP) for the World Heritage Property, April 20-27, 2008, submitted May, 2008, p. 15f.

4. ibid., p. 19

uncontrolled and rampant construction of buildings and roads around Lumbini; rapidly increasing local population resulting in pressures on the archaeological sites; on average low socio-economic status of local residents within region; discontinuity of management objectives and strategy at Lumbini and other sites; lack of co-ordination among ministries and line agencies; responsibilities are not well defined; often inadequate quality of public construction; inactivity of the International Committee for the Development of Lumbini at United Nations(5;6);

## 2. Regional Approach

Scores of archaeological sites related to the life of the Buddha and to Buddhism span an area from Kapilavastu in the west to Ramagrama in the east. This fact has been acknowledged in the form of a law. The Lumbini Development Trust Act, 1985, in § 2 (a) states that the "Lumbini Development Area" means and includes Tilaurakot (ancient Kapilavastu), Gotihawa, Niglihawa, Sagarhawa, Sisiniyakot, Araurakot, Kudan (Kapilavastu), Devadaha (Rupandehi), Ramgram (Nawalparasi), which are directly or indirectly related with the life of the Lord Buddha and his birthplace, Lumbini, and it shall include other areas as specified by Nepal Government by a notification in Nepal Gazette.

In 1996 – 1998 Professor G. Verardi and M. Jacoli conducted a territorial survey of Kapilavastu District by using a GIS[1]. A total of 136 archaeological sites were identified, 110 of which were new sites. If similar territorial surveys were to be undertaken in Rupandehi and Nawalparasi Districts then most probably many more archaeological sites related to the life of the Buddha and Buddhism could be identified and preserved for future generations. Taking a regional approach in developing and implementing the Integrated Management Plan (IMP) cum Environment Management System (EMS) could lead to a Buddhist World Heritage serial inscription[3]. If this regional approach is not taken for the development and implementation of the IMP then unplanned development and improper farming practices may put many archaeological sites at risk. Since the Lumbini Development Trust Act defines the Lumbini Development Area as covering three districts and most probably containing previously unknown archaeological sites the scope of the proposed IMP cum EMS should cover the three districts, namely Kapilavastu District, Rupandehi District, and Nawalparasi District.

The Declaration of the Second World Buddhist Summit and the International Committee for the Development of Lumbini echoes this stance (4).

## 3. Information Management

Issues: At present the LDT collection of essential geographical, archaeological, demographic, and socio-economic data on archaeological sites and their surrounding areas within the Lumbini Development Area is inadequate. Relevant data are not stored in one place or format. The sheer number of archaeological sites (probably above 200 sites) within the Lumbini Development Area makes the establishment of an information management database necessary.

The main objective in setting up such a database is: improvement of management, conservation, and protection of archaeological sites within the Lumbini Development Area. Secondary objectives are: Sharing information related to archaeological sites within Lumbini Development Area with UNESCO, WHC, Nepal Government, general public, researchers, interest groups[1]; regular monitoring of value of a site [2];

**References:** 5. Weise, K., Lumbini: Present Status and Future Challenges, UNESCO, Kathmandu, 2006, p. 47 -59
6. Weise, K., Lumbini, The Birthplace of Lord Buddha, Integrated Management Plan, Issues & Management Objectives, Kathmandu, August 20081. Verardi, G., Excavations at Gotihawa And a Territorial Survey in Kapilavastu District of Nepal, Lumbini International Research Institute, Occasional Papers, 2, Lumbini 2002, p. 33 - 44
2. Jacoli, M. and Verardi, G., Aerial Imagery, GIS and Predictive Models for Identifying Archaeological Sites, Terai, Nepal, in M. Taddei ed., South Asian Archaeology 1997. Rome – Naples
3. Stovel, H., Report of Mission to Lumbini, Nepal, to begin preparation of the Integrated Management Plan (IMP) for the World Heritage Property, May 2008, p. 28
4. Weise, K., Lumbini, The Birthplace of Lord Buddha, Integrated Management Plan, Issues & Management Objectives, Kathmandu, August 2008
1. World Heritage Committee, 25th session, Helsinki, Finland, December 11 – 16, 2001, Progress Report of the Information Strategy, p. 1 – 9;
2. Stovel, H., Monitoring World Cultural Heritage Sites, internet file;

Activities: definition of a data storage system and format; data collection from various sources (archaeological missions, geo-physical missions, soil and other field surveys, GIS, satellite photos, GPS, paper documentation, population statistics, etc); identification of known and unknown archaeological sites; production, editing, and updating of maps; production of a monitoring system; support for zoning project; demarcation of zones; research; book publications; support for decision making related to archaeological sites, local population, planned and unplanned construction etc.[3]

All of these activities will improve the management and conservation of archaeological sites under the jurisdiction of LDT. They will further contribute to a socio-economic development of surrounding areas, and satisfy the need for information of various stakeholders. Help from organizations and experts working in this field will be required, e.g. World Heritage Committee, UNESCO, UNDP, JICA,

**4. Zoning**

Issues: At present zoning within the Lumbini Development Area is limited to core zones around the major archaeological sites, such as Lumbini, Kudan, Niglihawa, Gotihawa, Ramagrama, and Devadaha. The Kenzo Tange Master Plan for Lumbini calls for two Restricted Zones (1x3 mile each) and Agricultural Zones (1x5 miles) as part of the Master Plan Area. Both categories of zones are not being monitored nor enforced. A laissez faire attitude prevails among government bodies as a result of which much undesired construction is taking place.

Objectives: The main objective of zoning is the protection of OUV and management of the cultural World Heritage Site Lumbini, and other archaeological sites within the Lumbini Development Area. Other objectives are: zoning controls the access to an archaeological site; it reduces conflicts among user groups, improves research and monitoring, and controls undesired development activities in the various zones.

In the Asia-Pacific region, UNESCO Bangkok has been promoting the adoption of "Zoning and Environmental Management and Development Plans". These plans provide a way to balance the conservation of the site with the need for economic development that will benefit the local community through conservation work and the development of sustainable tourism. The plans provide for a way to balance the different needs of the different parties involved, both from the public and private sector, resulting in mutually-agreed upon objectives and policies. The implementation of the plans can then occur in conjunction with the work of other agencies and individuals, with a clear division of responsibility between every party involved. It also allows for heritage management to occur in relation to economic development plans. By balancing conservation, tourism, and local economic needs, the plan allows for the sustainable socio-economic development of the area

Within the Lumbini Development Area six different categories of zones of different levels of management and legal protection could be defined. These have to be coupled with well-defined laws, which need to be enforced. Adequate zoning and enforcement of the relevant laws will greatly contribute to an adequate protection of archaeological sites and a planned development. Such zones could be: Monument Zone, Archaeology Protection Zone, Sites of Archaeological, Anthropological and Historical Interest, Industry-free Environment Protection Zone (11km)[3],(4), (5), Regional Socio-Economic Development Zone, Special Economic Zones and Industrial Corridors.

To Be Continuou.......

**References:**3. APSARA, www.autoriteapsara.org.
1. Kathmandu Valley World Heritage Site, Integrated Management Framework, Kathmandu, June 2007;
2. Third Royal Decree on Zoning in Angkor Region, Cambodia, 1994; 3. Lumbini Institutions, Petition: Urgent creation of an 11km industry-free zone around Lumbini, February 21, 2008;
4. Principles for the Management of Protected Areas in Mesoamerica, Prepared by the Mesoamerican Environmental Law Program at the University of Florida College of Law and the Mesoamerican Environmental Law Network (RODA), internet file; 5. Nepal Environment Protection Law, 1997;

# बौद्ध गतिविधि

## आनन्दकुटी विहारमा बुद्ध पुजा सम्पन्न

भाद्र ३०,

भाद्र पुर्णिमाका अवसरमा आनन्दकुटी विहारमा बुद्धपुजा,धर्मदेशना सम्पन्न भयो विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरले बुद्धपुजा तथा पञ्चशील प्रदान गर्नु भएको उक्त कार्यक्रममा भिक्षु धर्ममूर्तिबाट वर्षावास र यसको महत्वबारे धर्मदशना गर्नु भएको थियो।

ज्ञानमाला भजन बाट सुरु भएको सो कार्यक्रममा दाता डबल काजि तथा सपरिवारबाट जलपान तथा भोजन दान दिनु भएको थियो।

## आनन्दकुटी विहार गुठीको साधारण सभा सम्पन्न

असोज १४

बि.सं. २०२९ सालमा भिक्षु अमृतानन्द महास्थविरबाट स्थापना गर्नु भएको आनन्दकुटी विहार गुठीको ३६ औं सधारण सभा सम्पन्न भएको छ।

आनन्दकुटी विहारका प्रमुख एवं आनन्दकुटी विहार गुठीका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा भिक्षु, सामणेर, तथा गुठीका आजीवन सदस्यहरूको उपस्थिति थियो।

गुठीका उपाध्यक्ष शीलबहादुर वज्राचार्यबाट स्वागत तथा अध्यक्षबाट शीलप्रदान गर्नुभई शुरु भएको सो कार्यक्रममा गुठीका का.का.सचिव भिक्षु धर्ममूर्तिले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। प्रतिवेदन पछि साधारण सदस्यहरूको प्रश्नहरूको जवाफ का.का.सचिव भिक्षु धर्ममूर्तिले नै दिनु भएको थियो।

जवाफ पछि का.का.सचिवले ०६५/०६६को बजेट प्रस्तत गर्नु भएको थियो। साथै आउने चार वर्षको लागि नयाँ कार्य समितिको पनि सर्वसहमतिबाट पारित गरिएको थियो। जसअनुसार धर्मानुशासकः– भिक्षु अश्वघोष महास्थविर, भिक्षु कुमार काश्यप महास्थविर, अध्यक्षः– भिक्षु मैत्री महास्थविर, उपाध्यक्षः– सुवर्ण शाक्य, सचिवः– भिक्षु धर्ममूर्ति स्थविर, सहसचिवः– भिक्षु प्रज्ञारत्न

कोषाध्यक्षः–शील बहादुर वज्राचार्य, सदस्यहरूः– भिक्षु कोण्डन्य भिक्षु अस्सजि, भिक्षु सरणंकर,भिक्षु पियदस्सी, संघरत्न शाक्य, ज्ञानकाजी शाक्य, जुजुभाई तुलाधर, ईश्वरमान सिंह रहेकाछन्। नयाँ कार्यदल पछि पुण्यानुमोदन गरी सम्पन्न भएको थियो।

## अभिधम्म वारे प्रवचन

भाद्र २७

अभिधम्म अध्ययन समाज नेपालको नववर्षमा प्रवेश गरेको उपलक्ष्यमा धर्मकिर्ति विहारमा भएको एक कार्यक्रमको अयोजना गरियो। कार्यक्रममा भिक्षु आनन्द, अ. सुजाता कार्यक्रमका सभापति प्रेमलाल चित्रकार लगायतहरूले अभिधम्मका विषयमा आ–आफ्ना मन्तव्य राख्नु भएको थियो भने अमृतमान शाक्यबाट धन्यवाद, रोशनकाजी तुलाधरबाट स्वागत तथा तीर्थरत्न शाक्यबाट संचालन गरिएको थियो।

## शाक्यसिंह परियत्ति केन्द्रको अनुगमन तथा भ्रमण सम्पन्न

भाद्र २७

शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयद्वारा ०६५भाद्र २७ देखि २९ गते सम्म त्रिशुलीको सुगतपुर परियत्ति केन्द्रमा तीन दिने परियत्ति अनुगमन तथा अध्ययन भ्रमण सम्पन्न गरिएको छ। उक्त भ्रमणमा शाक्यसिंह परियत्तिका आठ जना शिक्षक/शिक्षिकाहरू सहभागी भएका थिए। सो अवसरमा भाद्र २८मा शाक्यसिंह परियत्तिको तर्फबाट सुगतपुर परियत्ति केन्द्रबाट ०६४ सालको परियत्ति परिक्षामा उतीर्ण भएका ११ जना विद्यार्थीहरूलाई प्रेरणा पुरस्कार वितरण तथा पुस्तकालयका लागि पुस्तकहरू प्रदान गरेका थिए। सो अवसरमा सुगतपुर परियत्ति केन्द्रका तर्फबाट श्रद्धेय भिक्षु सागरधम्म, सुगतपुर दायक सभाका अध्यक्ष रत्नवीर शाक्य, सुगतपुर परियत्ति केन्द्र संचालक समितिका अध्यक्ष पुरूषोत्तम शाक्य, सुगतपुरका परियत्ति शिक्षक प्रवीण वज्राचार्य तथा शाक्यसिंह परियत्ति केन्द्रका तर्फबाट परियत्ति संचालक देवेन्द्र वज्राचार्यले आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए।

त्यस्तै उक्त दिन शाक्यसिंह परियत्तिका शिक्षक/शिक्षिकाहरूबाट नमुना परियत्ति संचालन तथा सुगतपुर परियत्तिको लागि अक्षय कोषका लागि सहयोग रकम प्रदान गरेका थिए।

## पुरस्कार वितरण

भाद्र २८

बि.सं.२०१८ सालमा भिक्षु बुद्धघोष महास्थविरबाट स्थापना गर्नुभई २०२० मा अ.ने.भि.महासंघबाट संचालन गरेको "नेपाल बौद्ध परियत्ति शिक्षा" अधिराज्यभर केन्द्र खोल्ने क्रममा नेपालको एतिहासिक विहार आनन्दकुटी विहार, स्वयम्भूमा संचालन गरेको अमृत बौद्ध परियत्ति शिक्षालयमा बु.सं. २५५१ को परिक्षामा उत्तिर्ण हुने विद्यार्थीहरूलाई एक कार्यक्रमको आयोजना गरी वितरण गरिएको छ। कार्यक्रममा आचार्य भिक्षु कुमारकाश्यप महास्थविर अ.ने.भि.महासंघका का.का. सदस्य भिक्षु चन्द्रकीर्तिले परियत्ति शिक्षाको महत्व बारे आफ्नो मन्तव्य राख्नु भएको सो कार्यक्रमा परियत्तिका

विद्यार्थी पुनम थापाले संचालन गरेको थियो ।

**भिक्षुमहासंघबाट संघनायक भन्तेलाई औषधि प्रदान**

भाद्र २९

संघनायक श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको आरोग्यको कामना गर्दै अ.ने.भि महासंघबाट सुमंगल विहारमा परित्राण पाठ गरिएको छ । परित्राण पाठ पछि संघनायकको सहयोगार्थ एक महिनाको लागि औषधि प्रदान पनि गरिएको थियो । साथै उक्त दिन सुमंगल विहारको सीमागृहमा भिक्षुसंघबाट भिक्षु धर्मगुप्त तथा भिक्षु राहुललाई भिक्षु संघको विनय अनुसार "थेर सम्मत प्रदान" गरिएको थियो ।

**धर्मोदय सभाको ६५ औं साधारण सभा सम्पन्न**

असोज ४

नेपालको बुद्धको शासनिक क्षेत्रमा अग्रणी भूमीका खेल्दै आएको छाता संगठन धर्मोदय सभाको ६५ औं साधारण सभा सम्पन्न भएको छ ।

भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुख आतिथित्वमा सम्पन्नमा सो सभाको सभापतित्व रिम्पोछें सांम्पाले गर्नुभएको थियो । वार्षिक प्रतिवेदन महासचिव सुचित्रमान शाक्यले प्रस्तुत गर्नुभएको सो सभामा आर्थिक प्रतिवेदन कोषाध्यक्ष रत्नमान शाक्यले प्रस्तुत गर्नुभएको थियो । उक्त सभामा विशेष अतिथिको रूपमा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशवमान स्थापितको उपस्थिती पनि रहेको थियो ।

३/३ वर्षको कार्यकाल रहेको यस संस्थाको बिधान अनुसार यो वर्ष अन्तिम रहेको र यस सभा निर्वाचन नै नगरी नयाँ कार्यसमितिको गठन गरिएको थियो । चुनावको स्थगित हुनको कारण बताउदै सुचित्रमान शाक्यले निर्वाचनका लागि समय दिएर पनि अन्तिम समयमा आफ्नो नाम फिर्ता गरेकाले चुनाव निर्विरोध हुन गएको हो । निर्वाचन परिणाम अनुसार उपाध्यक्षमा पाँच जना लक्ष्मीदास मानन्धर, माननीय इन्द्रबहादुर गुरुङ्ग, प्रा. सुवर्ण शाक्य, सुश्री नानीमैयाँ मानन्धर माननीय पद्मज्योति मनोनित भए । सचिवमा त्रिरत्न तुलाधर, सहसचिवमा अशोकनन्द बज्राचार्य र कोषाध्यक्षमा रत्नमान शाक्य, सहकोषाध्यक्षमा सागरमान बज्राचार्य, सदस्यहरूमा बासन्तिदेवी बज्राचार्य, पञ्चवीरसिंह तुलाधर, कृष्णकुमार प्रजापति, बद्रीनारायण मानन्धर, अनागारिका डा. अनोजा, जुजुभाई तुलाधर, पुष्पराजन शाक्य मनोनित हुनुभएको छ भने क्षेत्रीय सदस्यहरूमा गमप्रसाद गुरुङ्ग, पद्मसुन्दर शाक्य, रामलगन चौधरी, नरबहादुर गुरुङ्ग, मानबहादुर चौधरी मनोनित हुनुभएको छ ।

यि नै मनोनित कार्य समितिबाट पं. बद्रीरत्न बज्राचार्यलाई अध्यक्ष पदका लागि मनोनत गरिएको थियो । यस्तै गरी संस्थाका धर्मानुशासकदेखि सल्लाहकार समितिमा समेत ठूलो हेरफेर गरिएको थियो ।

**बौद्ध महिलासंघको साधारण सभा सम्पन्न**

असोज ११

बौद्ध महिला संघ, नेपालको बार्षिक साधारण सभा बुद्ध विहार, भृकुटी मण्डपमा एक सभा विच सम्पन्न भयो । संघका श्रद्धेय धम्मानुशासक आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा सम्पन्न उक्त बार्षिक भेलामा संघका अध्यक्ष नानीमैया मानन्धरबाट स्वागत गर्नु भएको थियो । सभामा अर्का धम्मानुशासक अनागारिका सुजाता तथा सल्लाहकार लोक दर्शन वज्राचार्यबाट आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएको थियो । सभामा संघका सचिव चन्द्रदेवी शाक्यले कार्य प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्ष कृष्णकलि शाक्यबाट आर्थिक प्रतिवेदन प्रस्तुत गनुभएको थियो । उक्त सभामा सभाका सभापतिले बौद्ध महिला संघले स्थापनाकालदेखि गरी आएका कृयाकलापको प्रशंसा गुर्न भएको थियो ।

सभाको अन्तमा उपाध्यक्ष डा.केशरी लक्ष्मीबाट सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । वार्षिक भेलाको कार्यक्रम पछि संघको निर्बिरोध नयाँकार्य समितिको गठन भएको थियो । जस अनुसार अध्यक्ष श्रीमती बासन्ति देवी वज्राचार्य, उपाध्यक्षहरू डा. श्रीमती केशरी लक्ष्मी मानन्धर, सुश्री वीणा कंसाकार, सश्री सुजाता मानन्धर, महासचिव श्रीमती मीरा ज्योति, सचिव श्रीमती चन्द्रदेवी शाक्य, सहसचिव श्रीमती कृष्णकलि शाक्य, कोषाध्यक्ष श्रीमती प्रभावत्ति स्थापित, सहकोषाध्यक्ष श्रीमती गंगा श्रेष्ठ, सदस्यहरू सुश्री कमला शाक्य, श्रीमती केशरी वज्राचार्य, सुश्री रेणुका मानन्धर, श्रीमती रोहिणी मास्के, सुश्री शर्मिला बैद्य, सुश्री सकृन्तला प्रधान, सुश्री सरीता तुलाधार, श्रीमती रीना तुलाधर, सुश्री चन्द्रदेवी मानन्धर, श्रीमती सरोज मानन्धर, नानी मैंया मानन्धर रहेका छन् । नव गठित पदाधिकारि एवं का.का.सदस्यहरूलाई सभापतिबाट प्रमाण पत्र प्रदान गर्नुभएको थियो ।

**संघनायक भिक्षु बुद्धघोष महास्थविरको जन्म दिन मनायो ।**

असोज २४

संघनायक भिक्षु बुद्धघोष महास्थविरको जन्म दिनको उपलक्ष्यमा पाटन स्थित सुमंगल विहारमा विभिन्न कार्यक्रमका साथ मनाईयो । उक्त उवसरमा भिक्षुसंघ, अनागारिकासंघ, तथा उपासक उपासिकाहरूलाई भोजन प्रदान, संघनायक भन्तेको सुस्वास्थको कामना गर्दै भिक्षु संघबाट परित्राण पाठ गरिएको थियो ।